# बाइबल कथा १

## पुरानो करार

SOONHEE KIM
EUNOK JO



JESUS AND CHILDREN

यो पुस्तक मिसनरी उद्देश्यका लागि निःशुल्क विमोचन र वितरण गरिएको छ ।
यो पुस्तक बच्चाहरूलाई हाम्रो जीवित परमेश्वर सर्वशक्तिमानको सामना गर्न नेतृत्व गरेर आशा दिनको लागि प्रयोग गर्नको लागि हामी प्रार्थना गर्दछौं ।





प्रकाशित मिति : डिसेम्बर १५, २०२२
प्रकाशक : डोङ्जेइ लि
लेखक : इनोक जो
सम्पादक : रिबेका लि
इलुस्ट्रेटेड : रिबेका लि
अनुवादक : ह्युनोजो ली
मास्क तैयार : हाइनी लि/इनयोङ ना
नृत्यः जिइन काङ/हाइनी लि
संगीत : हेयुन बेक/दक्गुन ली/एना ली
अनुवादक : उपेन्द्र गौतम



# कथाको विषय सूचि


१. यो संसार कसले बनायो ? – १

२. आदम र हव्वा – ९

३. बहाना फेरि बहाना – १७

४. कयिन र हाबिल – २५

५. नोआ – ३३

६. जलप्रलय र इन्द्रेनी – ४१

७. बाबेलको धरहरा – ४९

८. आशिष्‌को मूल बनेका अब्राम – ५७

९. अब्रामको नयाँ नाम अब्राहाम – ६५

१०. सदोम र गमोराको विनाश – ७३

११. तेरो छोरा इसहाकलाई बलिदान गर् – ८१

१२. इसहाक र रिबेकाको विवाह – ८९

१३. इसहाककहाँ देखा पर्नुभएको परमेश्वर – ९७

१४. इसहाकका जुम्ल्याहा छोरा एसाव र याकूब – १०५

१५. याकूबले पाएको आशिष् – ११३

१६. याकूबले बेथेलमा भेटेका परमेश्वर – १२१

१७. याकूबका परमेश्वरको आशिष्‌मा रहेका – १२९

# १. यो संसार कसले बनायो ?
## (उत्पत्ति १:१-२:३)

परमेश्वरले हामी बस्ने यो संसारलाई बनाउनुभन्दा अघि आकाश र पृथ्वी बनाउनुभयो । त्यतिबेला रातभन्दा अझ अँध्यारो भएकोले स्वर्ग र पृथ्वी कहाँ कहाँ छ के छ भनेर छुट्याउन सकिएको थिएन ।
केवल परमेश्वरको आत्मा, पवित्र आत्मा पानीमाथि घुमिरहनुभएको थियो ।
परमेश्वरले मानिस बसोबास गर्न सकोस् भनी संसार बनाउन थाल्नुभयो ।

"उज्यालो होस् ।"

परमेश्वरले भन्ने बित्तिकै एकै क्षणमा ज्योति देखा परेर उज्यालो भयो ।

"अँ ! हेर्दा अति नै असल छ ।"

परमेश्वरले उज्यालो र अँध्यारोलाई अलग गर्नुभयो ।


"उज्यालोलाई 'दिन', अँध्यारोलाई 'रात' भनी भन्नुभयो ।"

रात बित्यो र बिहान भयो यो पहिलो दिन थियो ।

"पानीको बीचमा ठूलो र चौडा खाली ठाउँ बनेर पानी पानीको बीचमा विभाजन होस् !"

परमेश्वरले भन्ने बित्तिकै जस्ताको तस्तै भएर खाली ठाउँ मुनिको पानी र खाली ठाउँ माथिको पानी दुई भाग भयो ।
त्यो खाली ठाउँलाई 'आकाश' भन्नुभयो ।

साँझ पऱ्यो र बिहान भयो यो दोस्रो दिन थियो ।



“आकाशमुनि भएको पानी जम्मा होस् र ओबानो भूमि देखा परोस् !”

त्यस्तै नै भयो ।

“ओबानोलाई ‘पृथ्वी’, र पानीलाई ‘समुद्र’ भन्नुभयो । हेर्नमा अति नै असल छ ।”
परमेश्वरले फेरि भन्नुभयो,


“ए पृथ्वी ! तैंले घाँस र बीउ फलाउने सागसब्जी र जात अनुसारका बीउ भएका फलहरू फलाउने रूखहरू उमार् ।”

परमेश्वरले भन्नुभए अनुसार भयो र परमेश्वरले हेर्दा असल थियो ।
साँझ पर्‍यो र बिहान भयो यो तेस्रो दिन थियो ।

“आकाशमा ज्योतिहरू रहेर दिन र रातलाई अलग गराउन् । तिनीहरू ऋतुहरू, दिनहरू र वर्षहरू छुट्याउन् । ती ज्योतिहरूले पृथ्वीलाई उज्यालो बनाउन् !”

परमेश्वरले दुई ठूला ज्योतिहरू बनाउनुभयो र ठूलो ज्योतिले दिनमा र सानो ज्योतिले रातमा प्रभुत्व गरून् भनेर ताराहरू पनि बनाएर पृथ्वीलाई उज्यालो बनाओ भन्नुभयो । दिनमा सूर्य र रातमा चन्द्रमाले पृथ्वीलाई उज्यालो बनाएकोले परमेश्वरले हेर्दा असल थियो । साँझ पर्‍यो र बिहान भयो यो चौथो दिन थियो ।

“पानी जीवित प्राणीहरूले भरिऊन् । चराहरू आकाशमा उडून् ।”
परमेश्वरले भन्नुभयो ।



र ठूला समुद्री जनावरहरू र पानीमा हुने सबै प्रकारका जनावरहरू र उड्ने दौडने सबै चराहरूलाई बनाउनुभयो र परमेश्वरले हेर्दा असल थियो । परमेश्वरले सृष्टि गर्नुभएको तिनीहरूलाई आशिष् दिएर भन्नुभयो,

“समुद्रका जनावरहरूले राम्रोसँग वृद्धि भएर समुद्र भरियोस् र चराहरूको पनि वृद्धि भएर पृथ्वी भरियोस् ।”

साँझ पर्‍यो र बिहान भयो यो पाँचौं दिन थियो ।

“पृथ्वीले जङ्गली जनावरहरू र घरपालुवा जनावरहरू, भूईंमा घस्रने जनावरहरू सबै जात-जात अनुसार उत्पन्न गरोस् ।”

परमेश्वरले भन्नुभए अनुसार त्यस्तै नै भयो, परमेश्वरले हेर्दा ती सबै असल थिए ।

“हाम्रो स्वरूप अनुसार हामीसँग मिल्ने मानिसलाई बनाएर तिनीहरूले समुद्रको माछा र आकाशका चराहरू र घरमा पालिने पशुहरू र पृथ्वी र पृथ्वीमा चलहल गर्ने सबैमाथि अधिकार गरून् ।”


परमेश्वरले भनिसक्नु भए पछि परमेश्वरको स्वरूपमा मिल्ने मानिस, पुरुष र स्त्री बनाउनुभयो । र आशिष् दिंदै भन्नुभयो,

“तिमीहरूले धेरै सन्ताहरू जन्माएर वृद्धि भएर पृथ्वीलाई भर, पृथ्वीलाई प्रभुत्व गरेर सबै जीवित प्राणीहरूलाई अधिकार गर ।”
“म पृथ्वीको अन्न र फल फलाउने रूखहरू दिनेछु। ती कुराहरू तिमीहरूको दैनिक भोजन हुनेछन् । र पृथ्वीका जनावरहरू र आकाशका चराहरू जमिनमा चलहल गर्ने सबैलाई घाँसहरू खानको निम्ति दिनेछु ।”

परमेश्वरले सृष्टि गर्नुभएको ती सबै थोकहरूलाई हेर्नुहुँदा देख्नमा अति नै असल थियो । साँझ पर्‍यो र बिहान भयो यो छैटौं दिन थियो ।

यसरी हामी यो पृथ्वीमा राम्रोसँग बस्न सकून् भनी सारा सृष्टिका थोकहरू बनाएर परमेश्वरले सातौं दिनमा विश्राम गर्नुभयो ।
परमेश्वरले सातौं दिनलाई आशिष् दिएर पवित्र बनाउनुभयो ।

**अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो । (उत्पत्ति २:३)**



## मेरा प्यारा सन्तानहरूलाई !


मैले बनाएको संसारमा तिमीहरू खुशियाली भएर बसेको म हेर्न चाहन्छु ।
सबैभन्दा पहिला मेरो आत्मा पानीमाथि घुमेर नियालेर हेर्दा अति नै अँध्यारोको पोखरी जस्तै थियो ।
त्यसैले ज्योति बनाएर आकाश, पृथ्वी, समुद्र बनाएको हुँ नि ।
त्यस्तै अर्थको कुरा गर्न खोजिरहेको थिएँ तर अपुग भएर पहिले पृथ्वीमा खानेकुराको बाटो बनाएँ । अन्न, सागसब्जी, फलफूल आदि । र सूर्य, चन्द्र, तारा बनाएर तिनीहरूले राम्रोसँग काम गर्न सक्ने वातावरण पनि बनाइदिएको हुँ ।
त्यसपछि अर्को समुद्रको माछा, आकाशका चराहरू बनाउँदा संसार अझै सुन्दर भएको थियो । अन्तिममा पृथ्वीको जनावर, पाल्तु पशुहरू बनाएर मानिसहरूलाई बिना अभाव जिउन सकून् भनी बनाएँ ।
त्यसपछि मेरो स्वरूपमा पुरुष र स्त्रीलाई बनाएर मैले बनाएको कुराहरूलाई अधिकार गरेर जिउने बनाएँ ।
म तिमीहरूले मैले बनाएको संसारमा मैले बनाएका मानिसहरूलाई प्रेम गरेर जिइरहेर मकहाँ आउन् भन्ने म चाहन्छु ।
प्रेम गर्छु, मेरा सन्तानहरू !

तिमीहरूलाई प्रेम गर्ने परमेश्वर

## मेरो प्यारो परमेश्वरलाई

परमेश्वर ! वाह––। के म परमेश्वरको स्वरूप जस्तै छु ? म चाहिँ मेरो बुबाको स्वरूप जस्तै छु भन्ने ठानेको थिएँ । जे भए पनि बुबा पनि त परमेश्वरकै स्वरूपमा मिल्नुहुन्छ नि, हा हा
उत्पत्ति १ अध्याय बाइबलमध्ये सबैभन्दा धेरै पढिएको ठाउँ हो । बाइबल पढ्छु भनेर प्रतिज्ञा गरेको त थिएँ तर सधैं उत्पत्तिको पुस्तक पढ्दै गर्दा पढ्न छोडेका समय धेरै छ । अब चाहिँ स्पष्ट गरी बुझ्न सकें । परमेश्वरले वचनबाटै यो संसारलाई कुन कुन के के कस्तो क्रमै अनुसार बनाउनुभएको कुरालाई अनिवार्य याद गर्नेछु ।
१.ज्योति २.आकाश ३.जमिन र समुद्र र खानेकुरा
४.सूर्य, चन्द्र र तारा ५.चरा र माछा ६.पृथ्वीका सबै जीवित प्राणी र मानिस
परमेश्वर ! म पनि परमेश्वरलाई प्रेम गर्छु ।

परमेश्वरलाई प्रेम गर्ने म



# २. आदम र हव्वा
## (उत्पत्ति २:४-२:२५)

परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो ।
परमेश्वरकै स्वरूपमा बनाउनुभएको थियो ।

“फु उ––”

नाकमा जीवनको सास फुकेर राखिदिनुभयो र मानिस जीवित प्राणी एउटा अस्तित्व भयो ।

“ए आदम–”
“हजुर, परमेश्वर–”

परमेश्वरले पूर्वपट्टि अदनको बगैंचा बनाएर आदमलाई त्यहाँ बस्ने बनाउनुभयो ।
त्यो बगैंचा अति नै सुन्दर थियो ।
हेर्दा पनि सुन्दर, खाँदा पनि असल फलफूलका रूखहरू बगैंचामा रोप्नुभएको थियो ।
बगैंचाको बीचमा जीवनको रूख र असल र खराबको ज्ञान दिने रूख पनि रहेको थियो ।

अदनदेखि नदि बगिआएर बगैंचालाई भिजाउने गर्थ्यो ।
त्यहाँदेखि बग्दै आएर चार शाखा भएका थिए ।
ती पीशोन, गीहोन, टाइग्रिस, यूफ्रेटिस चार नदि हुन् ।

परमेश्वरले आदमलाई बगैंचालाई हेरविचार गर्दै गरेर बगैंचामा भएका प्रत्येक रूखको फल खानु भन्नुभयो ।

“ए आदम ! बगैंचामा भएका सबै रूखको फल मन लागुञ्जेलसम्म टिपेर खाऊ ।”

“हुन्छ, परमेश्वर ! सबै फलहरू अति नै स्वादिला र मिठा छन् । पेट नै अघाइसक्यो ।”
“ए आदम ! केवल, असल र खराबको ज्ञान दिने रूखको फल चाहिँ नखानू नि । तिमीले त्यो खाएको दिनमा निश्चय नै तिमी मर्नेछौ ।”
“हजुर ? मर्छ रे ? परमेश्वर ! तपाईंले भने जस्तै गर्नेछु । एकदम नै याद गरिरहनेछु ।”



परमेश्वरले माटोबाट प्रत्येक जात अनुसार जङ्गली जनावर र चराहरू बनाएर आदमकहाँ लिएर आउनुभयो ।

"ए आदम ! तिम्रो सामुन्नेबाट गइरहेकाहरूको नाउँ भनी हेर त ।"
"नाक लामो भएको जनावर पो रहेछ त । लामो नाके (हात्ती) भनेर बोलाउँछु ।"
"अबदेखि त्यसको नाम 'लामो नाके (हात्ती)' हो ।"
"हजुर, लामो नाके (हात्ती) !"

अर्को पटक घाँटी लामो भएर रूखमाथि सम्म भेट्न सक्ने जनावर उसको अगाडिबाट गयो ।
"अँ––तेरो चाहिँ घाँटी लामो भएकोले 'जिराफ' भनी बोलाउँछु ।"
"तँ चाहिँ बुअङ बुअङ गरेर कराउने भएकोले 'उल्लू' हो ।"
"तँ चाहिँ चिरबिर चिरबिर गर्ने 'भँगेरा' हो ।"

आदमले गाई, भेडा, सुँगुर आदि पाल्तु पशु र चिल, ढुकुर, बाज आदि आकाशको चरा र सिंह, हरिण, जेब्रा आदि सबै जनावरहरूलाई नाम दिएका थिए ।
आदमले बगैंचामा भएका मिठा मिठा फलहरू टिप्दै खाएर नाम राखिदिएका जनावरहरूसँग रमाइलो गरी बसेका थिए ।

तर परमेश्वरले आदम एक्लै जिएको कुरालाई हेर्दा उहाँलाई राम्रो लागेन ।

"मानिस एक्लै जिउनु त राम्रो रहेनछ त । कहाँ छ थाहा छैन एक्लै देखिन्छ । मैले आदमको निम्ति सहयोग गर्ने पत्नी बनाइदिनु पर्ला ।"

परमेश्वरले आदमलाई गहिरो निद्रामा लैजानुभयो ।

"ए आदम ! मस्तले सुत । म तिम्रो करङ एउटा निकालेर प्रयोग गर्नेछु ।"



आदमको करङमध्येबाट एउटा करङ निकालेर त्यो ठाउँमा मासु भरिदिनुभयो ।
र आदमको करङ अनुसार स्त्री बनाउनुभयो ।
परमेश्वरले स्त्रीलाई आदमकहाँ लिएर आउनुभयो ।

"आदम ! च्आन–!"
"वाह ! परमेश्वर ! को हो !"
"मैले तिम्रो निम्ति सहयोग गर्ने जोडी बनाएको हुँ । तिम्रो करङमध्ये एउटा सुट्ट निकालेर बनाएको हुँ ।"
"हा हा ! त्यसो हो भने खोइ त बोलाएर हेरौं ।"
"यो त मेरै हाडको हाड, मासुको मासु पो रहेछ त ।"

आदम सुन्दरी पत्नीसँगै जिउने भएर अति नै आनन्दित भएका थिए ।

"परमेश्वर ! पुरुषबाट बनाइएकी हुनाले उनलाई 'स्त्री' भनी बोलाउनेछु ।"

आदम आफ्नी पत्नीसँग अदनको बगैंचामा खुशीकासाथ बसोबास गरे ।
यी दुई मानिस नाङ्गै भए तापनि पाप दुष्टता नभएको शुद्ध आचरणको अवस्था भएकोले उनीहरू कदापि लजाएका थिएनन् ।

**यसैकारण मानिसले आफ्ना आमा-बुबालाई छोड्छ र**
**आफ्नी पत्नीसँग मिलिरहन्छ, र तिनीहरू एउटै शरीर हुन्छन् ।**
**(उत्पत्ति २:२४)**



## मेरा प्यारा सन्तानहरूलाई !

मेरा प्यारा छोरा, छोरीहरू !
मैले मानिस बनाउँदा स्पष्ट गरी पुरुष र स्त्री बनाएको हुँ ।
पुरुष हुर्कंदै गएर जवान भए पछि आमा-बुबालाई छोडेर आफूले प्रेम गरेकी स्त्रीसँग विवाह गरेर परिवार निर्माण गरेर जिउने बन्छ ।
तर हिजो आज संसारलाई हेऱ्यौं भने एकदम नै दुःख लाग्दो कामहरू उत्पन्न भएका छन् । पुरुषले पुरुषसँगै विवाह गरेको स्त्रीले स्त्रीसँगै विवाह गर्ने समलिङ्गीको पाप दुष्ट काम गरिरहेका छन् । त्यो मेरो सृष्टिको क्रमलाई चक्नाचुर पारेको हो ।
ती पाप दुष्टताबाट निस्किआउन् भनी तिनीहरूको निम्ति प्रार्थना गर्नु पर्छ ।
तिमीहरू पनि अजानको बीचमा घुलमिल हुन नसकोस् भनी सधैं जागा रहनुपर्छ ।
प्रेम गर्छु, मेरा सन्ताहरू !

तिमीहरूलाई प्रेम गर्ने परमेश्वर

## मेरो प्यारो परमेश्वरलाई

सुन्दर अदनको बगैंचामा परमेश्वरले बनाउनुभएको फलफूल खाँदै जिउनु असल छ । स्वर्गमा गएँ भने त्यसरी नै बसोबास गर्न सकिन्छ नि होइन ?
परमेश्वर ! ममा पनि चिन्ता छ ।
हामीले सिकेका शिक्षामा पुरुष बुबा, पुरुष आमा भनेर आएको छ ।
विश्वास नगर्ने साथीहरूले त्यसलाई ठिकै छ भनी भन्दछन् ।
त्यसैले त्यो साथीसँग मेरो झगडा हुन्छ ।
अब त्यस्ता दिनहरू आयो भने के हुन्छ होला ?
सोच्दा पनि डर लाग्छ ।
परमेश्वर ! अनिवार्य रूपमा हेरविचार गरिदिनुहोस् ।

परमेश्वरलाई प्रेम गर्ने म



# ३. बहाना फेरि बहाना

(उत्पत्ति ३:१-२४)

परमेश्वरले बनाउनुभएको वन-पशुहरूमध्ये सर्प खराब काम गर्नेमा सबैभन्दा पहिलो र धूर्त थियो ।
चलाख सर्पले स्त्रीको नजिक गएर सोध्यो,

"के परमेश्वरले तिमीहरूलाई साँच्चै बगैंचाको सबै रूखको फल नखानू भन्नुभएको छ ?
"होइन, बगैंचाका सबै रूखको फल खान सक्छौ भनी भन्नुभएको छ ।"
"तर ?"
"बगैंचाको बीचमा भएको रूखको फलको बारेमा चाहिँ परमेश्वरले 'तिमीहरूले नखानू र नछुनु, तिमीहरू मर्न पनि सक्छौ' भनी भन्नुभएको छ ।"

परमेश्वरले भन्नुभएको कुरा सर्पले थाहा पाएको थियो । लामो जिब्रो फड्काउँदै मनमनै विचार गर्‍यो ।

'हैट् ! यो स्त्रीलाई हेर । परमेश्वरले 'नखानू । खाएमा निश्चय नै मर्नेछौ ।' भनी भन्नुभएको हो नि अनि नखानू र नछुनु पनि ? जे भए नि मर्न पनि सक्छौ ? हु हु । मैले बताएँ भने मसँग ह्वात्तै आउँछन् होला ।'

सर्पले केहि पनि थाहा नपाए जस्तो गरी स्त्रीलाई भन्यो ।
"होइन, तिमीहरूले त्यो फल खाए तापनि कदापि मर्ने छैनौ ।"

सर्पको कुरा सुनेकी स्त्रीले बगैंचाको बीचमा भएको त्यो रूखलाई हेरिन् ।

"ओहो ! खान योग्यको बनाइएको रहेछ । हेर्दा पनि अति नै सुन्दर छ त । खाएमा मलाई बुद्धिमान बनाउन सक्ने जतिको लोभलाग्दो रहेछ ।"



स्त्रीको हात पहिले नै त्यो रूखको फलमा पुगिसकेको थियो ।
सहन नसकेर झट्टै टिपेर खाइहालिन् ।
र आफूसँगै भएका पतिलाई पनि दिइन् ।

"ए आदम ! यो खाएर हेर्नुहोस् । मिठो छ ।"
"यो खानु हुँदैन त......। उम्-- मिठो छ ।"

जब तिनीहरूले खाए तब तिनीहरूको आँखा खुल्यो ।


"हत्तेरिका ! लाज लाग्यो । हामी किन यसरी पूरै नाङ्गै छौं ?"
"लौ, यहाँ नेभाराको रूखको पात एकदम नै चौडा र ठूलो रहेछ, हामीले यसलाई बुनेर लगाएर छोपिहेरौं ।"

आदम र उनकी पत्नीले नेभाराको पातलाई बुनेर जामा जस्तै गरी शरीरमा घुमाएर लगाए । त्यो दिन बगैंचामा हावा चलेको बेलामा परमेश्वर बगैंचामा हिँड्नुभएको आवाज सुनियो ।

"ए आदम ! परमेश्वर बगैंचामा हिँड्दै हुनुहुन्छ ।"
"हामी छिट्टै परमेश्वरबाट भागेर लुकौं ।"

आदम र उनकी पत्नी परमेश्वरको सामुबाट भागेर लुके ।
यहोवा परमेश्वरले आदमलाई बोलाउनुभयो ।

"ए आदम ! तिमी कहाँ छौ ?"
"परमेश्वर ! मैले परमेश्वरको आवाज सुनें र म नाङ्गै भएकोले डराएर लुकेको हुँ ।"
"तिमी नाङ्गै छौ भनेर कसरी थाहा पायौ ? कसैले तिमीलाई भन्यो ? मैले तिमीलाई नखानू भनेको त्यो रूखको फल के तिमीले खायौ ?"
"हजुर । म खाँदिनँ भनेर भनेको थिएँ । परमेश्वर तपाईंले दिनुभएको मेरी पत्नीले खानू भनेकीले मैले खाएको हुँ ।"



परमेश्वरले स्त्रीलाई सोध्नुभयो ।

"तिमीले किन नखानू भनेको त्यो रूखको फल खायौ ? एक्लै खाएकी पनि होइनौ पतिलाई समेत खुवायौ ।"
"परमेश्वर ! म खाँदिन भनेर भनेकी थिएँ तर सर्पले घरिघरि ठीकै छ खाऊ भनेर फुस्लायो अनि खाएँ ।"
"चु चु ! बहाना ! बहाना !"

परमेश्वरले न्याय गर्नुभयो । ट्याङ् ! ट्याङ् ! ट्याङ् !

"ए सर्प ! तैंले यस्तो गरेकोले तँ सबै पाल्तु पशु, जनावरहरूभन्दा अझ श्रापित भएर बाँचुञ्जेलसम्म पेटले घस्रेर हिंडेर माटो खाएर बाँच्ने काम गर् !"
"ए सर्प ! म तँलाई र स्त्रीलाई दुश्मन बनाइदिनेछु । स्त्रीको सन्तानले तेरो शिरलाई कुच्च्याउनेछ र तैंले स्त्रीको सन्तानको कुर्कुच्चो डस्नेछस् ।"

"ए आदमकी पत्नी भएकी स्त्री ! तैंले बच्चा जन्माउने ठूलो पिडा बोकेर ठूलो पिडालाई तोडेर सन्तान जन्माउनेछस् । तैंले पतिलाई जति नै हावी गर्न खोजे तापनि पतिले तँलाई अधिन गर्नेछ ।"

"ए आदम ! तैंले जीवनकालभरी दुःखसँग जमिनबाट आएको कुराहरूलाई खान सक्छस् । तैंले खानेकुरा चाहिँ खेतको सागपात हुन् तर अनुहारमा पसिना बगाइस् भने मात्रै त्यो खान सक्ने हुनेछस् । तँ माटै होस् र माटैमा फर्किएर जा ।"

आदमले पत्नीको नाम हव्वा भनेर राखे । सबै जीवितहरूकी आमा भएकीले हो ।
परमेश्वरले आदम र हव्वालाई मार्नुभएन तर छालाको लुगा लगाइदिएर अदनको बगैंचाबाट धपाइदिनुभयो ।

**यहोवा परमेश्वरले आदम र तिनकी पत्नीको निम्ति छालाको लुगा बनाई तिनीहरूलाई लगाइदिनुभयो । (उत्पत्ति ३:२१)**



## मेरा प्यारा सन्तानहरूलाई !

आदम र हव्वाले पाप गर्नु अघिसम्म एक अर्का नाङ्गै छौं भन्ने पनि थाहा थिएन । तिनीहरूले मैले नखानू भनेको रूखको फल खाएकोले तिनीहरूको आँखा खुल्यो । तिनीहरूको नाङ्गोपनाको रूपमा लाज लागेर घाँसको झाडीमा लुकेका थिए । लुकिरहेका तिनीहरूलाई देखेर "ओहो ! मेरो आज्ञालाई उल्लङ्घन गरेछन् त ।" भनेर तुरुन्तै थाहा पाएँ ।

मैले तिनीहरूलाई आफ्नो इच्छा अनुसार असल र खराबको ज्ञान दिने फल खान पनि सक्ने र नखान पनि सक्ने अधिकार दिएको थिएँ । त्यसलाई 'स्वतन्त्रवाद' पनि भनिन्छ । त्यो स्वतन्त्रवादलाई म खुशी हुने ठाउँमा प्रयोग गरेको भए कति असल हुनेथियो होला ? र खाए पछि पनि तुरुन्तै पछुताएको भए राम्रो हुन्थ्यो नि किन त्यसरी अरूलाई दोष दिएको होला ? बहाना फेरि बहाना ।

तर पनि मैले तिनीहरूलाई त्यागेर फेरि सृष्टि नगरिकन छालाको लुगा लगाइदिएँ । म प्रेम हुँ । प्रेम गर्छु ! मेरा छोरा, छोरीहरू !

तिमीहरूलाई प्रेम गर्ने परमेश्वर

## प्यारो परमेश्वरलाई !

परमेश्वर ! तपाईंलाई धन्यवाद ।
"हैट् ! तँ असफल होस् । फेरि बनाउनु पऱ्यो नि ।"
खराब पोलेको भाँडोलाई चक्नाचुर पारेर नफुटाइकन फालिने रूखको पात होइन छालाको लुगा बनाएर लगाइदिनुभयो ।
छालाको लुगा बनाउनु पऱ्यो भने बलिको भेडालाई मार्नु पर्छ नि । त्यो बलिको भेडा नयाँ करारको येशू प्रकट हुनुभएको हो भनी मण्डलीको स्कूलमा सिकेको थिएँ ।
परमेश्वरले त्यति बेला देखि मलाई येशूलाई पठाइदिन्छु भन्नुभएको थियो नि होइन ?
परमेश्वर ! धन्यवाद । येशूलाई मेरो निम्ति पठाइदिनुभयो ।
परमेश्वर ! म तपाईंलाई प्रेम गर्छु ।

परमेश्वरलाई प्रेम गर्ने म



# ४. कयिन र हाबिल
## (उत्पत्ति ४:१-१५)

परमेश्वरले आदम र हव्वालाई अदनको बगैंचाबाट निकालिदिनुभए पछि जमिन खनेर खेतीकिसानी गर्न सक्ने बनाइदिनुभयो ।
पसिना बगाएर खेती गरेर सागपात र अन्न खाएर जिएका थिए ।
आदम र उनकी पत्नी हव्वाले एक अर्कालाई धेरै माया गर्थे ।
हव्वा बच्चा जन्माउन सक्ने भइन् ।

"ए आदम ! एकदम नै प्यारो छोरा हो यो । नाम राखिदिनुहोस् ।"
"'कयिन' भनी बोलाऊ ।"
"वाह ! मैले यहोवाबाट छोरा जन्माउन सकें ।"

केही समयपछि हव्वाले कयिनको भाइ हाबिललाई जन्माइन् ।
कयिन र हाबिल आमा-बुबाको माया र प्रेममा बलिया सन्तानहरू भए ।

"बुबा ! मलाई खेतमा काम गर्न राम्रो लाग्छ । म किसान बन्छु ।"
"बुबा ! मलाई चउरमा गएर भेडाहरूसँगै बस्ने समय राम्रो लाग्छ । भेडा चराउने गोठालो बन्छु ।"
कयिन खेतीकिसानी गर्ने मान्छे भए र हाबिल भेडा चराउने गोठाला भए ।
आफूलाई मन पर्ने काम गरेर खुशियालीका साथ जिएका थिए ।

कटनीको समय भएर यहोवा परमेश्वरलाई बलिदान चढाउने दिन आयो ।
कयिनले भने,

"भाइ, मैले खेतीको काम गरेका हुनाले खेतीबाट आएकै कुराहरू बलि चढाउनेछु । तिमी नि ?"
"दाजु, म चाहिँ भेडाले जन्माएको पहिलो पाठा र त्यसको बोसो बलि चढाउनेछु ।"
"हो र ? लौ अब शुरु गरौं ।"

कयिन र हाबिलले यहोवाको निम्ति बलि चढाए ।



अब त्यहाँ के भयो भन्दा परमेश्वरले भाइ हाबिलको बलि स्वीकार गर्नुभयो तर दाजु कयिनको बलि स्वीकार गर्नुभएन ।
कयिन यति रिसाए कि उसको अभिव्यक्ति कडा भयो र उसको अनुहार रातो र अँध्यारो भयो ।
परमेश्वरले भन्नुभयो,

"ए कयिन ! तँ किन रिसाउँछस् ? के कारणले गर्दा अनुहारको रङसम्म परिवर्तन हुने गरी रिस पोखाएको छस् ?"

परमेश्वरले लगातार भन्नुभयो,

"तैंले ठीक काम गरेको भए तैंले त्यसरी रिस पोखाउनु पर्थ्यो र ? ठीक काम गरिनस् भने पाप जनावर जस्तै ढोका अगाडि ढुक्दै बसेर तँलाई छोप्नेछ । पापले तँलाई लोभमा पारे तापनि तैंले त्यसलाई अधीन गर्नैपर्छ ।"

कयिनले परमेश्वरको वचन सुने तापनि उसको रिस मरेको थिएन ।

"ए हाबिल ! मसँगै घुम्न जाऔं ।"

हाबिललाई बोलाइसकेपछि कयिनले आफ्नो भाइ हाबिललाई हिर्काएर मारे ।

"मर् ! म तेरो दाजु हुँ परमेश्वरले मेरो बलि स्वीकार नगरि तेरो बलि स्वीकार गर्नुभयो । त्यसैले मैले सहन सकिनँ । मर् ! हैट् !"

ओहो ! कयिनले भाइलाई मारेकोले मानिस जातिमा पहिलो हत्यारा भयो ।

परमेश्वरले कयिनलाई बोलाउनुभयो,



"ए कयिन ! तेरो भाइ हाबिल कहाँ छ ?"
"परमेश्वर ! मलाई थाहा छैन । के म मेरो भाइको गोठालो हुँ र ?"
"तैंले यो के गरिस् ?"
"मलाई थाहा छैन भनेको ।"
"तेरो भाइको रगतले भूमिबाट मलाई दुहाई दिइरहेछ ।"
"… …"
"भूमिले त्यसको मुख खोलेर तेरो हातबाट बगिरहेको तेरे भाइको रगत लिएको छ । अब देखि तैंले भूमिबाट श्राप पाएको छस् ।"
"… …"
"तैंले खेत खने तापनि त्यो भूमिबाट खानेकुरा तैंले पाउन सक्नेछैनस् । तँ भूमिमा स्थिर भएर बस्न नसकेर विनाचैनको डुलुवा हुनेछस् ।"
"हे परमेश्वर ! मलाई दिनुभएको पापको दण्ड ज्यादै कडा छ । म यसलाई सम्हाल्न सक्दिनँ, परमेश्वर !"

कयिनले परमेश्वरलाई भन्यो,

"हे परमेश्वर ! तपाईंले आज मलाई धपाइदिनुभयो भने मैले तपाईंलाई भेट्न सक्दिनँ । यताउता घुम्दै हिँड्दा मलाई भेट्नेले मलाई मार्नेछ ।"

परमेश्वरले कयिनलाई भन्नुभयो,

"ए कयिन ! त्यस्तो हुँदैन । जसले तँलाई मार्छ त्यसले सात गुणा बढि दण्ड पाउनेछ ।"

परमेश्वरले कयिनलाई एउटा चिन्ह दिनुभयो । मानिसहरूले त्यो चिन्हलाई देखेर कयिनलाई मारेनन् ।

**यदि तैंले जे ठीक छ त्यो गरिस् भने तँ ग्रहणयोग्य हुँदैनस् र ? यदि तैंले ठीक काम गरिनस् भनेता पाप तेरो ढोकैमा ढुकिबस्छ । त्यसको इच्छा तँप्रति हुन्छ, तर तैंले त्यसलाई अधीन गर्नैपर्छ । (उत्पत्ति ४:७)**



## मेरा प्यारा सन्तानहरूलाई !

आदम र हव्वाले पाप गरेका हुनाले उनका छोराले पनि पाप गरेको हो नि । त्यसपछि पाप नगर्ने मानिसहरू छैनन् । त्यसैले आदम र हव्वाको अनाज्ञाकारीको पापलाई मूल पाप भनिन्छ ।
तर पनि मैले मानिसहरूलाई ज्यादै प्रेम गरेको हुनाले आदम र हव्वालाई छालाको लुगा बनाएर लगाइदिएँ र पहिलो पटक हत्यारा भएका कयिनलाई पनि चिन्ह दिएर त्यसलाई मृत्युबाट निकालिदिएँ ।
म जुनैबेला पनि तिमीहरूलाई प्रेम दिनको निम्ति सधैं जीवनको डोरी दिइरहेको छु । मलाई भेट्टाएमा त्यसले मुक्तिको डोरी समात्न सक्छ । बुझ्यौ ?
प्रेम गर्छु ! मेरा छोरा, छोरीहरूलाई !

तिमीहरूलाई प्रेम गर्ने परमेश्वर

## प्यारो परमेश्वरलाई

परमेश्वर ! कयिनलाई देख्दा साँच्चै दुःख लाग्यो ।
परमेश्वरले मौका दिनको निम्ति किन त्यस्तो गरेको हो भनेर कति पटक सोध्नुभएको थियो तर कयिनले पश्चात्ताप गरेन । परिणाम स्वरूप घरबाट पनि निकालियो, असल खेतीकिसानीको काम पनि गर्न नसक्ने भएर ठाउँ ठाउँमा घुमफिर गर्दै जिउने भयो नि त ।
परमेश्वर ! मैले गल्ती गरें भने म तुरुन्तै पश्चात्ताप गर्नेछु ।
र साँच्चै मसँग पनि भाइ छ, आमाले जहिले पनि भाइलाई मात्र प्रशंसा गरेर राम्रो मात्र गरेको जस्तो लागेर म दुःखी र निराश महसुस गर्छु ।
तर पनि भाइलाई पिट्ने गरेको छैन र सम्बन्ध राम्रो बनाएर जिउनेछु ।
परमेश्वर ! प्रेम गर्छु ।

परमेश्वरलाई प्रेम गर्ने म



# ५. परमेश्वरको अनुग्रह पाएका नोआ
**(उत्पत्ति ५:२५-६:२२)**

नोआका हजुरबुबा मतुशेलह थिए । मतुशेलह बाइबलमा भएका मानिसहरूमध्ये सबैभन्दा लामो समयसम्म बाँचेर मरेका मानिस थिए । मतुशेलहले १८७ वर्षको हुँदा नोआको बुबा लेमेकलाई जन्माएर ७८२ वर्षसम्म बाँचेर अझै सन्तानहरू जन्माएर ९६९ वर्षमा मरे । लेमेक १८२ वर्षको हुँदा नोआ छोरालाई जन्माए ।

“यो छोराको नाउँ ‘नोआ’ भनेर राख्नु पऱ्यो । परमेश्वरले श्राप दिनुभएको पृथ्वीमा परिश्रम गर्दै जिउने हामीलाई यो छोराले सान्त्वना दिनेछ ।”

लेमेकले नोआलाई जन्माइसकेपछि पनि ५९५ वर्षसम्म अझै बाँचेर अरू सन्तानहरू जन्माएर ७७७ वर्षमा मरे ।
र नोआ ५०० वर्षको भएपछि शेम, हाम र येपेत तीन जना छोराहरूलाई जन्माए ।

मानिसहरू पृथ्वीमा बढ्दैगए र पाप र दुष्टताले पृथ्वी भरियो ।
परमेश्वरले हेर्दा पृथ्वी दुष्टताले भरिएको र तिनीहरूको हृदयमा जहिले पनि दुष्ट विचारहरू मात्रै थिए ।
परमेश्वरले पृथ्वीमा मानिस बनाउनुभएकोमा अफसोस र दुःखित हुनुभयो र भन्नुभयो,

“हु उ ! अब यसरी भएन । मैले सृष्टि गरेको मानिसहरू भए तापनि संसारबाट मेटिदिनेछु । मानिसहरू मात्र होइन जनावरहरू र जमिनमा घस्रेर हिँड्नेहरू, आकाशका चराहरूदेखि लिएर सबै नाश गर्नेछु । मैले यिनीहरूलाई बनाएकोमा साँच्चै पछुतो लागेको छ !”

तर नोआ यहोवा परमेश्वरको विनाशर्त प्रेमलाई पहिरेका मानिस थिए ।



त्यो समयका मानिसहरू ज्यादै नै खराब र भ्रष्ट भएर संसार सबै पाप र दुष्टताले भरिएको थियो ।
त्यस समयमा मानिसहरूको बीचमा नोआ मात्र धर्मी र निर्दोष मानिस थिए । परमेश्वरको इच्छाअनुसार मात्र जिएका थिए । त्यसैले परमेश्वरले नोआलाई चुन्नुभयो ।

“ए नोआ ! मैले यो पृथ्वीका मानिसहरू सबैलाई नाश गर्नेछु । मानिसहरूको पापले सम्पूर्ण पृथ्वी भरिएकोले मैले तिनीहरू र पृथ्वीलाई सँगै नाश गर्नेछु ।”
“लौ- अब मैले भन्न लागेको कुरा राम्रोसँग सुनेर त्यहि अनुसार गर ।”
“हुन्छ, परमेश्वर !”
“पहिले गोपेर काठबाट जहाज बनाउने हो । जहाज भित्र बारेर कोठाहरू धेरै बनाऊ । र अलकत्राले बेस्सरी लिप्नू ।”
“हजुर, अलकत्रा चाहिँ पानि भित्र नपसोस् र नचुहियोस् भनेर लिप्ने हो ?”
“हो, जहाजको साइज चाहिँ १४० मिटर, चौडाई २३ मिटर, उचाई १४ मिटरको होस् । छाना माथिबाट ४५ सेन्टिमिटर तल झ्याल बनाएर ढोका त्यसको एकापट्टि राख्नू । र जहाज ३ तलाको बनाउनू ।”
“हुन्छ, परमेश्वर ! अति नै ठूलो जहाज पो रहेछ । कुनै समस्या छैन । यहाँ वरिपरि गोपेर काठ अति नै धेरै छन् नि । पहाडको गोपेर काठ मात्रै काटेर ल्यायो भने पनि पर्याप्त हुन्छ जस्तो छ ।”
“नोआ ! अहिलेबाट मैले भनेको कुरा राम्ररी सुन । म संसारलाई जलप्रलयबाट नाश गर्नेछु । पानीले संसारलाई छोपिदिनेछु । बाँचेकाहरू एक जना पनि नरहने गरी ।
तर म तिमीलाई सुरक्षासाथ हेरचाह गर्छु भनी प्रतिज्ञा गर्दछु ।
जहाज पूरै बनाइसकेपछि तिमीले पत्नी र छोराहरू र बुहारीहरूलाई लिएर त्यो जहाजभित्र पस । सबै जीवित प्राणीका भाले र पोथी एक एक जोडी तिमीकहाँ आए भने तिनीहरूलाई जहाजभित्र राम्ररी सुरक्षा गर्नू । र जहाज भित्र तिम्रो परिवार र जीवित प्राणीहरूको लागि खाने खानाहरू पर्याप्त मात्रामा प्रशस्त गरी तयारी गर्नू ।”

नोआले आफ्नो बुबा, हजुरबुबा, र उनका पत्नीलाई बोलाएर सल्लाह गरे ।

“हामीले अहिलेदेखि नै पहाडमा जहाज बनाउनु पर्छ ।”
“होइन, पहाडमा जहाज बनायौं भने समुद्रमा कसरी लैजाने त ?”
“परमेश्वरले जलप्रलयद्वारा यो पृथ्वीलाई नाश गर्नुहुन्छ रे । त्यसैले सम्पूर्ण संसार पानीले छोपिदिनु हुनेछ । पहाडमा बनायौं भने जहाजको सामग्रीहरू पनि मगाउन सजिलो हुन्छ र बाढी आउने बेलामा पनि पानीमा तैरिने छैन ।”



नोआ र उनका परिवारहरूले परमेश्वरले आज्ञा गर्नुभए अनुसारको साइजमा परिश्रमसाथ जहाज बनाए। त्यो बीचमा नोआका छोराहरू शेम, हाम, येपेत जन्मिएर हुर्किसकेकाले सँगै जहाज बनाए।

"जहाज ३ तलाको बनाउने हो।"
"हुन्छ, बुबा। तर मानिसहरूले कानेखुशी गर्दैछन् त।"
"किन ? के भन्दैछन् ?"
"पहाडमा केको जहाज बनाउँदैछन् भनेर।"
"शेम, हाम, येपेत ! मेरा छोराहरू ! मानिसहरूको भनाइमा ढलपल नहोओ। हामीले परमेश्वरको आज्ञालाई पालन गरेर बनाउने हौं नि त।"
"हुन्छ, बुबा। अब के गर्ने हो ?"
"अँ, रोजिन जम्मा भएकोबाट अलकत्रा बनाएर जहाजको बाहिर भित्रपट्टि सावधानीपूर्वक खाली ठाउँ नहुने गरी लिप्नू।"
"हुन्छ।"
"छानामा झ्याल हाल्नु पर्छ। त्यसो गरेमा ज्योति पनि आउँछ र ताजा हावा पनि आउन सक्ने हुन्छ।"

नोआले परमेश्वरले आज्ञा गर्नुभए अनुसार त्यस्तै नै गरे।
नोआ ६०० वर्षको हुँदा जहाज पूर्ण रूपमा निर्माण सम्पन्न भयो। लगभग १२० वर्ष जति लगाएर बनाएको जहाज थियो।

**परमेश्वरले आज्ञा गर्नुभएबमोजिम तिनले सबै गरे।**
**(उत्पत्ति ६:२२)**



## मेरा प्यारा सन्तानहरूलाई !

नोआले एक पटक पनि मेरो वचनलाई उल्लङ्घन गरेको समय छैन ।
सधैं आज्ञापालन गरेर मलाई खुशी बनाएर जिएका थिए ।
नोआको बुबाको हजुरबुबा जिजु हजुरबुबा एनोक पनि मसँगै हिँडेर सुन्दर जीवन जिएका थिए । त्यसैले स्वर्गमा मैले बोलाएको हुँ नि । एनोक चाहिँ जीवित हुँदा नै स्वर्गमा आएका हुन् ।
एनोक, नोआ सबै मैले विशेष प्रेम गरेको मानिसहरू हुन् । त्यसैले जलप्रलयको दण्डबाट बाँचेका मानिस हुन् भनी नोआलाई चुनेको हुँ नि ।
तिमीहरू पनि एनोकजस्तै, नोआजस्तै गरी मेरो हात बलियो गरी समातेर सँगै बाँच--।
प्रेम गर्छु , मेरो छोरा छोरीहरू !

तिमीहरूलाई प्रेम गर्ने परमेश्वर

## प्यारो परमेश्वरलाई !

नोआ एकदम नै महान व्यक्ति हुन् । परमेश्वरले बनाउनू भनेर भन्नुभएको एउटा जहाजको साइजलाई हिसाब गर्न नसकेर आफ्नो बुबालाई सोध्नुभयो ।
चौडा चाहिँ फूटबल खेल्ने मैदान जत्तिकै छ र लम्बाई चाहिँ अझ लामो र उचाई चाहिँ अपार्टको ३ तला भन्दा अलिक बढि उचाई थियो । त्यसैले मेरो मुख खुलेको थियो ।
त्यो जहाज १२ वर्ष पनि होइन १२० वर्ष लगाएर बनाएको हो भन्दा छक्कमाथि अझ छक्क परें । मानिसहरूले नोआ र उनका परिवारलाई हेरेर कति औंला ठड्याएका होलान् होइन र, परमेश्वर ?
मानिसहरूलाई सुसमाचार प्रचार गर्न कुरामा लाज लाग्छ “येशूलाई विश्वास गर्नुहोस् ।” भन्ने आवाज पनि राम्रोसँग निकाल्न नसक्ने म नोआ हजुरबुबाको कुर्कुच्चा सम्म पनि पछ्याउन सक्दिनँ जस्तो छ ।
तर पनि प्रयास गरिहेर्नेछु ।
परमेश्वर ! प्रेम गर्छु ।

परमेश्वरलाई प्रेम गर्ने म



# ६. जलप्रलय र इन्द्रेणी
**(उत्पत्ति ७:१-९:१७)**

नोआले जहाज पूरै बनाइसेपछि परमेश्वरले भन्नुभयो,

"ए नोआ ! अब परिवारहरूलाई लिएर जहाजभित्र जाऊ ।
पहिले नै मैले भनेजस्तै शुद्ध पशुहरूमध्येका सात-सात जोडी, जुन-जुन शुद्ध छैनन् तिनीहरूमध्येका एक-एक जोडी भित्र पठाऊ । र आकाशमा उड्ने चराहरू सात-सात जोडी भित्र आउनलाई भन्नू । त्यसपछि जलप्रलय सकिएपछि पृथ्वीमा जीवित राख्न तिनीहरूका प्रजातिलाई जोगाउने गरी गर्नू ।
अहिलेदेखि ७ दिन पछि ४० दिन र रातसम्म पानी पारेर मैले सृष्टि गरेका सबै जीवित प्राणीहरूलाई नाउँ निशानै मेटिने गरी नाश गर्नेछु ।"

परमेश्वरले आज्ञा गर्नुभएअनुसार ७ दिनसम्म नोआले सबै पालन गर्दै रहे ।
नोआ र उनकी पत्नी, शेम, हाम, येपेत छोराहरू र बुहारीहरू जहाजभित्र पसे । सबै जीवित प्राणीहरू र आकाशका चराहरूसमेत सबै भित्र पस्ने बित्तिकै परमेश्वरले जहाजको ढोका बन्द गरिदिनुभयो । नोआ ६०० वर्षको दोस्रो महिनाको १७ औं दिनमा जलप्रलय हुन शुरु भयो ।

"बुबा ! के साँच्चै दिन रात पानी परिरहने हो त ? आकाशमा प्वाल परेजस्तो छ । कति दिनसम्म पानी परिरहन्छ ?"
"अँ, ४० दिनसम्म पानी परिरहन्छ भन्नुभएको छ ।"
"अहिले झ्याल बाहिर रूख पनि, पहाड पनि, घर पनि मान्छेहरू पनि देखिँदैन ।"
"ठिक हो, अब चारै दिशामा पानी बाहेक छैन ।"



४० दिनसम्म दिनरात पानी परेर पृथ्वीमा पानी धेरै हुँदै गयो । त्यसो भएकोले जहाजलाई पानीले उचाल्न शुरु गर्न थालेकोले पानीको छालसँगै तैरिन थाल्यो ।
संसारमा भएका सबै उच्च पहाडहरूलाई पनि पानीले छोप्यो । पानी बिस्तारै बिस्तारै बढ्दै गयो । सबैभन्दा उच्च हिमाल पहाडहरू पनि पानीको कति मिटरसम्म तल छोपिएका थिए । परमेश्वरले सृष्टि गर्नुभएका सबै चरा, पाल्तु पशु, वन-पशुहरू र जमिनमा घस्रेर हिँड्ने जनावरहरू सबै, र मानिसहरूसमेत पानीमा डुबेर मरे ।

“संसारमा बाँचिरहेका मानिसहरूमा यो जहाजभित्र भएका हाम्रो परिवार मात्रै हुन् ।
संसारमा बाँचिरहेका जीवित प्राणीहरू पनि यो जहाजभित्र बाँचिरहेका जीवित प्राणीहरू हुन् ।”

४० दिन पछि फुटेर निस्किएका जमिनमुनिका मूलहरू बन्द भए र खोलिएका आकाशका झ्यालहरू पनि बन्द भएर पानी पर्न रोकियो । त्यसपछि संसारलाई १५० दिनसम्म पानीले छोपिराख्यो ।

“ओहो, नोआ र उनका परिवारहरू जहाजभित्र सबै जीवित प्राणीहरूलाई गाह्रो भयो होला । अब पानी घटाइदिनु पर्‍यो ।”

परमेश्वरले पृथ्वीमा बतास चलाइदिनुभयो, र पानी घट्न शुरू भयो । जहाज चाहिँ १५० दिन पछि ७ औं महिनाको १७ औं दिनमा आरारात पहाडमा अडियो ।
पानी लगातार घट्दैगएर ३ महिनापछि अरू पहाडहरूका चुचुरो देखियो । त्यस दिनदेखि ४० दिन बितेपछि नोआले जहाजको झ्याल खोले ।



"ए काग ! बाहिर निस्केर हेर् ।"

त्यो काग जमिनको पानी नसुकुन्जेलसम्म यताउता उडिरह्यो ।
नोआले ढुकुरलाई उडाइदिए ।

"जमिन कति सुकेको होला थाहा पाउनु पर्‍यो ।"

त्यो ढुकुर पनि पानीले पृथ्वीलाई ढाकिरहेकोले बस्ने ठाउँ भेट्टाउन नसकेकोले तुरुन्तै फर्किआयो ।

"ए-, अहिलेसम्म पनि पानीले पृथ्वीलाई ढाकिरहेको रहेछ । ए ढुकुर, यता आइज मेरो हातमा बस् ।"

नोआले ७ दिन अझ पर्खेर ढुकुरलाई फेरि पठाए ।
साँझ पर्ने लागेको बेलामा ढुकुर फर्केर आयो ।

"ए ढुकुर, तेरो मुखले च्यापेर ल्याएको कुरा नेभाराको पात होइन ? अब जमिनमा पानी घटेछ कि हेरौं त ?"

नोआले फेरि ७ दिन अझै पर्खेर ढुकुरलाई पठाए ।
जब उनले त्यसै गरे त्यो ढुकुर फेरि फर्केर आएन ।

नोआ ६०१ वर्षको हुँदा पहिलो महिनाको पहिलो दिनमा जहाजको छत उघारेर हेरे । पृथ्वीबाट पानी सुकिसकेको थियो । दोस्रो महिनाको २७ औं दिनमा पृथ्वी पूर्ण रूपले सुक्यो । त्यति नै बेला परमेश्वरले नोआलाई भन्नुभयो,

"ए नोआ ! अब तिमी र तिम्रो परिवारलाई लिएर जहाजबाट बाहिर आउन लगाऊ । जहाजभित्र भएका सबै जीवन भएकाहरूलाई बाहिर निकालेर समृद्धि होओ भन ।"

जहाजबाट बाहिर आएका नोआले यहोवालाई वेदी बनाएर शुद्ध पशु र शुद्ध पंक्षीमध्येबाट लिई बली छाने र आगोले जलाएर बलि चढाए जसलाई होमबलि भनिन्छ ।
परमेश्वरले नोआले चढाएका बलिमा खुशी भएर आशिष् दिँदै भन्नुभयो,

"तिमीहरूले धेरै सन्तान जन्माएर पृथ्वीका भरिँदै समृद्धि हुँदै जाओ । र यसमा म प्रतिज्ञा गर्दछु । म फेरि जलप्रलयद्वारा सबै प्राणीलाई नष्ट गर्ने छैनँ ।" म इन्द्रेणीलाई बादलभित्र राख्नेछु र यो म र तिम्रो बीचको प्रतिज्ञा हो ।

**म बादलमा मेरो इन्द्रेनी राख्तछु,**
**र मेरो र पृथ्वीको बीचमा त्यो एउटा करारको चिन्ह हुनेछ । (उत्पत्ति ९:१३)**



## मेरा प्यारा सन्तानहरूलाई !

मैले बनाएका सबै जीवित प्राणीहरूलाई मेरै हातद्वारा नष्ट गर्ने कुरामा ज्यादै नै मन दुख्ने काम भएको छ ।
हात एकै पटक प्रयोग गर्न नसकी पानीले स्वात्तै बगाएर लगेको त्यो दृष्यलाई आँखा खोलेर पनि हेर्न सकिनँ । १ वर्ष भनेर पनि १० दिनसम्म जहाजभित्र समय बिताएका नोआ र परिवारहरू, जहाजभित्र पस्न पठाएका सबै जीवित प्राणीहरूलाई हेर्ने कुरामा पनि मन दुखेको छ । त्यसैले फेरि पानीले म दण्ड दिने छैन भन्ने विचार गरेर प्रतिज्ञा गरेको छु । त्यो प्रतिज्ञाको चिन्ह नै इन्द्रेणी हो भनी भनेको छु ।
म त्यो इन्द्रेणीलाई हेरेर नोआको परिवारसँगको प्रतिज्ञालाई सम्भना गरेर येशूको क्रूसलाई हेरेर तिमीहरूलाई मुक्ति दिनेछु भन्ने प्रतिज्ञालाई सम्भना गर्नेछु ।
येशूलाई विश्वास मात्र गरेमा तिमीहरूलाई स्वर्गको बाटोमा मुक्ति दिनेछु भन्ने प्रतिज्ञालाई अनिवार्य सम्भना गरेमा असल हुनेछ ।
प्रेम गर्छु ! मेरा छोरा, छोरीहरू !

## प्यारो परमेश्वरलाई

परमेश्वर ! मैले आज आकाशमा इन्द्रेणी देखें । पानी परेपछि आकाशतिर हेरेको थिएँ इन्द्रेनी अडिरहेको थियो । परमेश्वरको प्रतिज्ञाको चिन्हलाई देखाइदिनुभएको त्यो इन्द्रेनी सुन्दर थियो । लामो समयसम्म हेर्न चाहिरहेको थिएँ, छिटै नै बिलायो ।
परमेश्वर ! केही खुल्दुली भएर मण्डलीको स्कूलको प्रचारकलाई सोधिहेरें ।
“नोआको जहाजमा त्यो ठूलो ?”
“अँ.....त्यो ठूलो डाइनोसरलाई भित्र पसाउने कुरा नभई बच्चालाई पठायो होला वा अण्डालाई भित्र लिएर गएको पनि हुन सक्छ ।”
यसरी जवाफ दिनुभयो, हो ! त्यस्तो पनि हुन सक्छ नि । हा हा
इन्द्रेनीद्वारा प्रतिज्ञा गर्नुभएको परमेश्वर ! येशूको क्रूसको प्रतिज्ञा पनि अनिवार्य सम्भना गरिरहनेछु । परमेश्वर ! प्रेम गर्छु ।

परमेश्वरलाई प्रेम गर्ने म



# ७. बाबेलको धरहरा
## (उत्पत्ति १०:१-११:९)

शुरुमा संसारैभरी एउटा भाषाको मात्र प्रयोग भएको थियो ।
ठूलो जलप्रलयको घटनापछि परमेश्वरको आशिष् अनुसार नोआको सन्तानहरू बढ्न थाले ।
शेम, हाम, येपेत तीन जना छोराहरूले धेरै छोराहरू जन्माए ।

शेम हिब्रू मानिसका पुर्खा भएका थिए र शेमको पछिल्ला सन्तानहरू जाति जातिहरू र भाषा प्रान्त र देश अनुसार छरपष्ट भएर बसोबास गरेका थिए ।

हामका छोराहरू कूश, मिश्रइम, पूत र कनान थिए ।
कूशले जन्माएका छोराहरूमध्ये निम्रोद भन्ने छोरा थिए उनले यहोवाको साम् शक्तिशाली शिकारी थिए । त्यसैले त्यस्तो मानिसलाई देखेर यस्तो भने,

"परमप्रभुको साम् निम्रोदजस्तै शक्तिशाली शिकारी"

निम्रोदले आफूभन्दा अलिक कमजोरहरूलाई कब्जा गरेर उनको राज्य शिनारबाट शुरू गरेर अश्शूर, निनवे, कालहसम्मको क्षेत्र विस्तार फैलाए ।
कनानका सन्ताहरूले विभिन्न वंशहरूमा तितरबितर भएर बसोबास गरेका थिए । शिदोनबाट शुरू गरेर सदोम, गमोरा आदि जाने बाटो भएर लाशासम्म बसोबास गरेका थिए ।

येपेतका जातिहरू वंश र भाषा र देश अनुसार टापू र तटीय क्षेत्रमा तितरबितर भएर बसोबास गरेर यिनीहरू सुमुद्रका मानिसहरूका छोराहरू भए ।

तिनीहरूमध्ये बसोबास गर्ने ठाउँहरू खोज्दै जाँदा पूर्वपट्टि सर्दै गरेर मानिसहरूले शिनारको मैदान भन्ने ठाउँमा पुगे ।



“वाह ! यहाँ यो मैदान बसोबास गर्न असल छ जस्तो छ ।”
“हो ठीक हो ! हामी यहाँ जरा गाडौं ।”
“हो हो, खानेकुराहरू खोज्नको लागि घुमफिर गर्ने काम पनि अब गाह्रो भएको छ ।”
“चौडा गरी फैलिएको मैदानमा शान्तिपूर्वक र सुरक्षितसाथ बसोबास गरौं ।”

जब तिनीहरूले विशाल मैदान देखे, तिनीहरू पहिलो नजरमा नै मोहित भए ।
त्यसैले एक अर्कालाई भन्न थाले,
“त्यसो हो भने ढुङ्गाको सट्टामा इँट्टा पोलेर बलियो गरी घर बनाएर बसोबास गरौं न ।”
“माटोको सट्टामा अलकत्राले लिपेर अझ बलियो गरी बनाऔं ।”

जब तिनीहरूले शहर बनाएर बसोबास गरी हेर्दा हजुरबुबादेखि बताएको जलप्रलयको ठूलो घटनालाई विचार गरे ।
“लौ, शहर बनाएर त्यसको बीचमा धरहरा खडा गरौं ।”
“फेरि जलप्रलय भयो भने नढल्ने गरी बलियो धरहरा निर्माण गरेर स्वर्गसम्मै पुग्ने बनाऔं ।”
“अँ अँ, धरहराको माथिल्लो टुप्पाले स्वर्गलाई नै छुने गरी बनाऔं ।”
“त्यसलै हामी हाम्रो नाउँलाई सम्पूर्ण संसारमा फैलाऔं । र हामी कहिल्यै पनि तितरबितर नहोऔं ।”

मानिसहरूले परिश्रमसाथ एउटै मन गरेर शक्ति जम्मा गरेर धरहरा बनाउन शुरू गरे ।



मानिसहरूले बनाएका शहर र धरहरा हेर्नलाई परमेश्वर ओर्लिआउनुभयो ।

“ती मानिसहरूले एउटै जाति भएर एउटै भाषा प्रयोग गरिरहेका छन् । त्यसैले यस्तो काम शुरू गरेकोले तिनीहरू एउटै मनको भएर एउटै शक्तिमा केन्द्रित भए भने यिनीहरूले गर्न नसक्ने काम केहि पनि हुनेछैन ।”

र भन्नुभयो,

“लौ, हामीहरू गएर तिनीहरूले बोल्ने गरेका कुरालाई खलबल गरिदिएर एक अर्काले बुझ्न नसक्ने बनाइदिऔं ।”

परमेश्वरले जब भाषा खलबल बनाउन शुरू गर्नुभयो । शहर बनाउँदै गरेका मानिसहरूमा खैलाबैला मच्चियो ।

“पोलेको इँट्टा माथि फाल्दे !”
“हुन्छ ।”
“होइन, इँट्टा पो मागेको त किन पानी माथि पठाएको ?”
“पानी ले भनेर किन दिक्दारी बनाएको ?”

एक अर्कामा बोल्न सकेनन् ।
सबै यताउता दौडिरहेका थिए ।

“अब अझ उसो धरहरा बनाउन सक्दैनौं ।”
“ठीक हो । हामी जान खोजेका ठाउँबाट जानु पर्छ होला ।”

परमेश्वरले मानिसहरू प्रत्येकलाई तितरबितर बनाइदिनुभयो । तिनीहरूले शहर बनाउने कुरालाई पनि बन्द गर्नु बाहेक अरू कुनै विकल्प नै भएन ।
त्यसैले त्यो ठाउँको नाउँ ‘अलमल’ भन्ने अर्थलाई ‘बाबेल’ भनी बोलाइयो ।
यहोवाले यो ठाउँबाट सम्पूर्ण संसारको भाषालाई उहाँले तितरबितर बनाइदिनुभएकोले हो ।

**यसकारण त्यसको नाउँ बाबेल राखियो, किनभने परमप्रभुले त्यहीँ नै सारा पृथ्वीभरिका भाषा खलबल पारिदिनुभएको थियो । त्यहीँबाटै परमप्रभुले तिनीहरूलाई सारा पृथ्वीभरि तितरबितर पारिदिनुभयो । (उत्पत्ति ११:९)**



## मेरा प्यारा सन्तानहरूलाई !


मैले जानेअनुसार यो पृथ्वीभरि ६००० किसिमका भाषाहरू छन् र बाइबल मात्र पनि १६०० प्रकारका भाषाहरूमा अनुवाद भएका छन् भन्ने मैले सुनेको छु ।
बाबेलको धरहराको घटना भएकोले गर्दा एउटा भाषा त्यसरी धेरै भाषामा बाँडिएको हो । पूरै पृथ्वीभरि तितरबितर भएर वृद्धि हुँदै गएर मेरो आशिष्को आज्ञालाई पालन नगेरर तिनीहरू शिनारको मैदानमा बस्ती बसाऔं भन्दै धरहरा ठड्याएर मेरो अधिकारलाई चुनौति दिने काम गरे ।
त्यति मात्र होइन आफूहरूको योग्यताको प्रदर्शन गर्न खोजिरहेका थिए ।
किन तिनीहरूले त्यसो गरेर मेरो कुरा नसुनेका होलान् चु चु चु !!!
मेरा प्यारा सन्तानहरू !
तिमीहरू जन्मनुभन्दा अघि देखि नै मैले तिमीहरूलाई चिनेको थिएँ ।
तिमीहरू घमण्डी भएर मेरो योजनालाई विश्वास गर्न नसकेका हौ नि ।
मेरो आज्ञापालन गऱ्यौ भने मेरो शक्ति तिमीहरूको होस् भन्ने म चाहन्छु ।
प्रेम गर्छु, मेरा सन्तानहरू !

तिमीहरूलाई प्रेम गर्ने परमेश्वर

## प्यारो परमेश्वरलाई

परमेश्वर ! बाबेलको धरहरा ठड्याउने मानिसहरूलाई घृणा गर्छु ।
ती मानिसहरूले केवल त्यसो नगरेको भए विश्वभरि नै एउटा मात्र भाषाको प्रयोग गरिरहेको हुन्थ्यो नि । अङ्ग्रेजी भाषा सिक्नको लागि अङ्ग्रेजी भाषाको ट्यूसन कक्षामा जानुपऱ्यो, स्कूलको छुट्टि हुँदा अङ्ग्रेजी क्याम्पमा जानुपर्छ । आमा बुबाले अङ्ग्रेजीमा १०० अङ्क ल्याउनुपर्छ भनेर जोड गर्नुहुन्छ ।
उफ्-- तर म के गर्न सक्छु र । स्वर्गमा गयो भने देखि त सबै भाषा एउटा मात्र हुने थियो......।
परमेश्वरलाई नभेटुञ्जेलसम्म आज्ञापालन गरेर राम्रोसँग जिउनेछु ।
परमेश्वर ! प्रेम गर्छु ।

परमेश्वरलाई प्रेम गर्ने म



# ८. आशिष्‌को मूल बनेका अब्राम
## (उत्पत्ति ९:१८-९:२७, १२:१-१२:२०)

जहाजबाट बाहिर आएका नोआले दाखबारी लगाएका थिए ।
एक दिन, उनी दाखमद्य पिएर मातेर पालभित्र नाङ्गै सुतिरहेका थिए । छोरा हामले बुबाको त्यो दृष्यलाई देखेर बाहिर निस्किगएर शेम र येपेतलाई ती कुरा बताइदिए ।

“ए दाजु ! ए भाइ ! छिटै आएर हेर ! बुबा मातेर नाङ्गै सुतिरहनुभएको छ । हा हा”

शेम र येपेतले त्यो भनाई सुनेर बुबाको दृष्यलाई नदेखोस् भनेर काँधमा कपडा बोकेर पछाडि हिँड्दै गरेर भित्र पसेर बुबाको शरीरलाई छोपिदिए ।
नोआलाई रक्सीले छोडेर व्यूँझिएपछि त्यो सबै सत्यता थाहा पाए पछि हामलाई भने,

“कनानको बुबा हाम ! तेरो छोराले श्राप पाएर त्यो दाजुहरूको दास हुनेछ ।”

फेरि भने,

“शेमका परमेश्वर यहोवाको प्रशंसा गर्नेछु । कनान शेमको दास होस् । परमेश्वरले येपेतलाई ठूलो आशिष् दिनुहुनेछ ।” येपेत शेमको पालमा बस्नेछ र कनानचाहिँ त्यसको दास हुनेछ ।”

अब्राम यिनै शेमको पुस्ता हुन् ।

यहोवाले अब्रामलाई भन्नुभयो,



“तँ तेरो जन्म घरबाट निस्केर तँलाई देखाएको भूमितिर जा ! म तँबाट ठूलो जाति उत्पन्न गरेर तँलाई आशिष् दिएर तेरो नाउँलाई उच्च बनाउनेछु । त्यसैले तँ अरू मानिसहरूलाई आशिष् दिने मानिस हुनेछस् ।”
“हजुर, परमेश्वर । अहिले तुरुन्तै यो ठाउँ हारानबाट निस्केर जानेछु ।”

अब्रामले परमेश्वरको वचन आज्ञापालन गरेर त्यो ठाउँबाट निस्कँदा ७५ वर्षका थिए ।
उनकी पत्नी साराई र भतिजा लोत, नोकरहरूले हारानमा जम्मा गरेका सबै सम्पत्तिहरू लिएर कनान देशमा प्रवेश गरे ।
अब्राम कनान देशमा प्रवेश गरेर शकेमको भूभागमा भएको मोरेका फलाँटको रूख भएको ठाउँसम्म पुगेर हेर्दा कनानका मानिसहरू पहिले नै बसोबास गरिरहेका थिए ।
परमेश्वरले भन्नुभयो,

“म यो भूमि तेरो सन्तानलाई दिनेछु ।”

त्यस ठाउँमा अब्रामले परमेश्वरको निम्ति वेदी बनाएर पाल टाँगे ।
र फेरि दक्षिणतिर गए । बेथेल र ऐ को बीचमा वेदी बनाएर यहोवाको आराधना गरे ।
बिस्तारै बिस्तारै कनानको दक्षिणतर्फ सर्दै गए । तर त्यो भूमिमा खेतीपाती नहुने भएकोले खानेकुरा केहि पनि थिएन ।

“यो ठाउँमा कदापि बस्न सकिँदैन त्यसैले मिश्र (इजिप्ट) तिर जाऔं ।”

इजिप्ट नजिक भएकोले अब्रामले अति नै सुन्दरी पत्नी भएकोमा चिन्ता गर्न थाले । त्यसैले आफ्नी पत्नीलाई भने,

“प्यारी साराई ! तिमी अनि नै सुन्दरी स्त्री हौ । इजिप्टमा पस्ने बेलामा तिमीलाई कब्जा गरेर तिम्रो पति बनेका मलाई मार्न पनि सक्छन् ।”
“अब्राम ! त्यस्तो गर्दैनन् ।”
“मेरो कुरा केहि सुनिहेर । हामी यस्तो गरौं । तिमीले म उनकी बहिनी हुँ भन । त्यसो गरेमा मेरो जीवन सुरक्षित हुनेछ । बुझ्यौ ?”



अब्राम इजिप्टमा पुगेको बेलामा मानिसहरूले साराईलाई सुन्दरी भनेर होहल्ला गरे । फारोका अधिकारीहरूले पनि साराईलाई देखेर फारो राजाको सामुन्ने मुखमा थुक सुकुञ्जेलसम्म बताएर तिनको प्रशंसा गरे ।

“हे राजा ! अब्राम भन्ने व्यक्ति हाम्रो देशमा आएका छन् र उनकी बहिनी ज्यादै नै सुन्दरी छिन् ।”
“त्यस्ती सुन्दरी स्त्री पहिलो पल्ट देख्दैछौं ।”
“हो र ? ती स्त्रीलाई मेरो सामुन्ने झट्टै लिएर आओ । र दाजू ती व्यक्तिलाई उदारतापूर्वक सत्कार गर ।”

फारोले अब्रामलाई भेडा र गाईबस्तु, कमारा कमारी, गधा र ऊँटहरू पठाइदिए । परमेश्वरले यो कुरा थाहा पाएर फारोको घरानामा ठूलो विपत्ति पठाउनुभयो ।

“ए फारो ! तँ मोहित भएकी स्त्री अब्रामकी बहिनी होइन उनकी पत्नी हुन् । अर्काकी स्वास्नीलाई आफ्नी स्वास्नी बनाएकोले तैंले ठूलो दण्ड पाउनेछस् ।”

फारोले अब्रामलाई बोलाएर भने,

“ए अब्राम ! तिमीले किन यसो गर्‍यौ ? किन तिम्री पत्नीलाई बहिनी भनेर धोका दियौ ? तिमीले सही तरिकामा भनेको भए के मैले तिम्री पत्नीलाई मैले स्वास्नी बनाउँथे होला र ? लौ, तुरुन्तै तिम्री स्वास्नीलाई लिएर गइहाल !”

फारोले अधिकारीहरूलाई आज्ञा गरेर अब्रामकी स्वास्नी र उनका अधिकारीहरू सबैलाई इजिप्ट बाहिर पठाइदिए ।

**म तँबाट एउटा ठूलो जाति खडा गर्नेछु, र तँलाई आशिष् दिनेछु । म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिष्‌को मूल हुनेछस् । (उत्पत्ति १२:२)**



## मेरा प्यारा सन्तानहरूलाई !


मैले अब्रामलाई प्रेम नगरी रहन नसक्ने कुराचाहिँ विनाशर्त मेरो वचनलाई विश्वास गरेर पछ्याएको कारणले हो ।
बसिरहेको घर पनि नातेदारहरू पनि सबै त्यागेर त्यो ठाउँ छोड भन्ने मेरो वचनमा प्यारी पत्नी र भतिजो लोतलाई मात्र लिएर त्यो ठाउँ छोडे ।
कुनै लक्षित नक्शा पनि थिएन । मैले "तँ बस्ने ठाउँ यहाँ हो ।" भन्दा बस्ने र "यहाँबाट हिँड ।" भन्दा हिँड्न तयारी गर्ने गर्दथे ।
र जहिले पनि मेरो निम्ति वेदी बनाएर मेरो उपासना गर्ने जीवन जिएका थिए ।
अब्रामले अब्राहामको जीवन कसरी जिएका थिए भन्ने कुरालाई हेरेर उस्तै जिउने प्रयास गर । प्रेम गर्छु ! मेरा छोरा, छोरीहरू !

तिमीहरूलाई प्रेम गर्ने परमेश्वर

## प्यारो परमेश्वरलाई

परमेश्वर !
परमेश्वरको अनुग्रह पाएका नोआ वा परमेश्वरको बोलावट पाएका अब्राम जस्तै म पनि परमेश्वरको अनुग्रह पाउने मानिस हुँ नि ?
परमेश्वरलाई चिनेर येशूलाई विश्वास गरेर जिएर हिँडेको छु नि त ।
तर, आज फारो राजाको सामुन्नेमा भएको अब्रामको जस्तै झट्का लागेको छ । ह्
पत्नीलाई अगाडि सारेर झूटा कुरा गर्न लगाएर त्यसपछि लुकेर जिउन खोजेका थिए नि ।
तर पनि परमेश्वरले अब्रामलाई अन्त्यसम्मै सुरक्षा दिनुभयो ।
परमेश्वर ! अन्त्यसम्मै मलाई पनि सुरक्षा दिनुहोस् । म पनि परमेश्वरलाई अन्त्यसम्मै छोड्ने छैन । परमेश्वर ! प्रेम गर्छु ।

परमेश्वरलाई प्रेम गर्ने म



# ९. अब्रामको नयाँ नाम अब्राहाम
## (उत्पत्ति १७:१-२७)

अब्राम ९९ वर्षका भएका थिए ।
परमेश्वर अब्रामकहाँ देखा परेर भन्नुभयो,

“ए अब्राम ! म सर्वशक्तिमान परमेश्वर हुँ । तिमीले मेरो आज्ञा पालन गरेर मेरो सामुन्ने पाप नगरी निर्दोष जीवन जिउने गर ।”
“हुन्छ, परमेश्वर !”
“म तिमीसँग करार स्थापित गरेर तिम्रो सन्तान र सम्पत्ति धेरै हुनेछन् । त्यसैले तिमीलाई धेरै जातिहरूका पिता बनाउनेछु ।”

अब्राम तुरुन्तै भुइँमा घोप्टो परे ।
परमेश्वरले फेरि भन्नुभयो,

“अबदेखि तिमीलाई अब्राम भनी बोलाइने छैन ।”
“हजुर ?? त्यसो भए मेरो नाम.......।”
“अब्राहाम भनी बोलाइनेछ ।”
“अब्राहाम हो ?”
“अब्राहाम भनेको धेरै जातिका पिता भन्ने अर्थ हो नि ।”
“हजुर, परमेश्वर !”

परमेश्वरले अब्राहामलाई आशिष्को वचन दिनुभयो ।
“ए अब्राहाम ! म तिमीलाई धेरै देशलाई अधिकार गर्ने सन्तान दिनेछु । तिम्रो सन्तानको बीचबाट धेरै राजाहरू निस्कनेछन् ।”
“मैले तिमी र तिम्रा सन्तानहरूसँग करार स्थापित गरेर अनन्तसम्म पालन गर्नेछु । त्यसैले तिमी र तिम्रा सन्तानको परमेश्वर हुनेछु ।”

परमेश्वरले लगातार आशिष् दिनुभयो ।



"ए अब्राहाम ! तिमी अहिले घुमफिर गरिरहेको यो भूमि तिमी र तिम्रो सन्तानलाई दिनेछु । सम्पूर्ण कनान भूमि तिम्रो सन्तानहरूको कब्जामा हुनेछन् । म तिनीहरूको परमेश्वर हुनेछु ।"
"हजुर, परमेश्वर !"

परमेश्वरले निरन्तर भन्नुभयो,

"तर तिमी र तिम्रा सन्तानहरूले मेरो करार पालन जस्ताको तस्तै पालन गर्नुपर्छ ।"
"परमेश्वर ! त्यो करार के हो भनिदिनुहोस् न ।"
"तिमीहरूले जस्ताको तस्तै पालन गर्नुपर्ने करार तिमीहरूको बीचमा भएका सबै पुरुषहरूले खतना गर्नुपर्छ ।"
"खतना ?"
"पुरुषको लिङ्गलाई छोप्ने छालालाई गोलो गरि काटेर फाल्ने कामलाई खतना भनिन्छ । त्यो म र तिमीहरूको बीचको करारको चिन्ह हुनेछ ।"

अब्राहामले परमेश्वरले दिनुभएको करारलाई राम्ररी पालन गर्नको लागि राम्ररी याद गरे ।

"हजुर, त्यसो भए त्यो खतना कहिले गर्ने हो ?"
"जन्मेर ८ दिनको भए पछि खतना गर्ने हो ।"
"त्यसो भए के हाम्रा सन्तानहरूले मात्र खतना गरे हुन्छ ?"
"होइन, तिमीहरूका सन्तानले मात्र नभई तिमीहरूको घरमा जन्मेका नोकर, विदेशमा पैसाले किनेर ल्याएका दासले पनि सबै जन्मिएर ८ दिन मुनि भएकाहरूले खतना गर्नुपर्छ ।"
"राम्रोसँग बुझें, परमेश्वर !"
"सबै पुरुषले खतना गरेपछि मैले तिमीहरूसँग बाँधेको करार अनन्तसम्मको हो भन्ने कुरालाई छालामा बोक्ने छौ ।"

खतना चाहिँ अब्राहामको सन्तान, परमेश्वरको प्रजा भन्ने करारको चिन्ह थियो ।

"परमेश्वर ! म खतना गर्दिनँ भन्यो भने के हुन्छ ?"



"अँ, खतना नगरेका पुरुष आफ्नो प्रजाको बीचमा हराएर जाने हुन्छ। मेरो करार पालना नगरेकोले म तिनीहरूको परमेश्वर हुँदिनँ।"
"हजुर, परमेश्वरको करारलाई राम्ररी पालन गर्ने जीवन जिउनेछु।"

अब्राहामले यो दिनमा परमेश्वरको वचनलाई सुनेर घरमा भएका सबै पुरुषहरूलाई बोलाएर जम्मा गरे।

"परमेश्वरले आज मलाई करार दिनुभएको छ। यो करारलाई पालना गरेर जिएमा अनन्तसम्म परमेश्वरको प्रजा हुन् भन्ने चिन्हलाई बोकेर परमेश्वरको आशिष्मा रहेर जिउने हुन्छौ।"
"त्यो करार के हो ?"
"सबै पुरुषले खतना गर्ने हो।"
"दासहरूले पनि गर्ने हो ?"
"हो नि सबै पुरुषहरूले खतना गर्नुपर्छ।"

छोरा इश्माएल, अब्राहामको घरमा जन्मेर हुर्केर बढेका दासहरू, विदेशबाट पैसा तिरेर किनेका दासहरू, अब्राहामको घरमा भएका सबै पुरुषहरूले खतना गरे।
अब्राहामले खतना गर्ने बेलामा उनी ९९ वर्षका थिए र छोरा इश्माएल ३३ वर्षका थिए।
त्यो दिन, घरमा भएका सबै पुरुषहरूले खतनाद्वारा परमेश्वरको करार पालना गरे।

**अब्राहामबाट एउटा ठूलो र शक्तिशाली जाति बन्नेछ, र त्यसद्वारा नै पृथ्वीका सबै जातिहरूले आशिष् पाउनेछन्। (उत्पत्ति १७:५)**

# Everlasting Convenant



## मेरा प्यारा सन्तानहरूलाई !

म अब्राहामकहाँ फेरि देखा परेर ठूलो जाति बनाउनेछु भनेर गरिएको प्रतिज्ञा साँच्चैको काम हो भनी बुझ्न सक्ने गरी गरेको छु । अलिक अझै विशेष गरी बुझाइदिएको छु ।
पहिले नयाँ नाउँ दिएँ । अब्राम नाउँलाई सबै जातिका पिता भन्ने अर्थको नाउँ अब्राहाम हो ।
र आँखाले देखिने करार दिएको हुँ । सबै पुरुषले खतना गर्नुपर्छ भन्ने हो । त्यसैले जातिहरू फैलिएर जाने बेलामा मेरो प्रजा र अन्यजातिको प्रजा निश्चित गरेर छुट्याउन सकोस् भनेर हो ।
त्यसो भए अहिले तिमीहरूले के गर्ने भनेका हौ ?
त्यो चाहिँ पुरानो करारमा खतनाद्वारा हो भने नयाँ करारमा बप्तिस्माद्वारा मेरा प्रजा भनी देखाउन सक्ने गरी गरेको छु ।
त्यसैकारण तिमीहरू सबैले पनि येशूलाई ग्रहण गरेर विश्वासको स्वीकार गरेर जीवन यापन राम्रो गर्दै गर्दा जब उमेर पुग्छ बप्तिस्मा लेओ ।
प्रेम गर्छु ! मेरा छोरा, छोरीहरू !

तिमीहरूलाई प्रेम गर्ने परमेश्वर

## प्यारो परमेश्वरलाई

अँ–– हामीहरूले बप्तिस्मा लिएको कामद्वारा परमेश्वरको प्रजा भएका छौं भन्ने कुरालाई बुझ्न सक्ने चिन्ह पो हुने रहेछ । म सानो भएकोले अझै पनि बप्तिस्मा लिन नसके तापनि माध्यमिक विद्यार्थी भएपछि अनिवार्य बप्तिस्मा लिनेछु । त्यसैले माध्यमिक विद्यार्थी नहोञ्जेलसम्म परमेश्वरलाई खुशी बनाएर जिउनेछु । अब्राहाम जहाँ जहाँ गएका थिए त्यस ठाउँमा परमेश्वरलाई आराधना गरे जस्तै म पनि आराधना गर्दा खुशीसाथ गर्नेछु ।
सधैं वचन पढेर, प्रार्थना गरेर विश्वास नगर्ने परिवारहरू, साथीहरूले येशूलाई ग्रहण गरेर परमेश्वरको प्रजा बन्न सक्ने गरी सुसमाचार सुनाउने प्रयास गर्नेछु ।
परमेश्वर ! प्रेम गर्छु ।

परमेश्वरलाई प्रेम गर्ने म



# १०. सदोम र गमोराको विनाश
(उत्पत्ति १८:१६-१९:२९)

यहोवाले अब्राहामलाई भन्नुभयो,

“सदोम र गमोराका मानिसहरू अति नै दुष्ट भएर पापका कामहरू ज्यादै नै गरेका छन् भन्ने सुनेको छु। त्यो कुरा सत्य हो कि होइन, तिनीहरूले कतिसम्म पाप गरिरहेका छन् भनी मैले हेर्न चाहेको छु।”

सँगै भएका स्वर्गदूतहरूले सदोमलाई हेर्न गए र अब्राहाम चाहिँ परमेश्वरको सामु त्यत्तिकै उभिइरहेका थिए।
परमेश्वरको नजिकै गएर भने,

“प्रभु! धर्मीलाई दुष्टहरूसँगै नाश गर्नुहुन्छ? त्यो शहरमा धर्मी पचास जना छन् भने पनि त्यो ठाउँलाई नाश गरेर धर्मी पचास जनालाई पनि सँगै मार्नु हुनेछ? धर्मीलाई दुष्टसँगै मार्ने कुरा यो हुनै नसक्ने काम हो। परमेश्वर तपाईं संसारलाई उचित न्याय गर्ने धार्मिकताको परमेश्वर हुनुहुन्छ नि।”
“ए अब्राहाम, मैले धर्मी पचास जनालाई भेट्टाएँ भने तिनीहरूको खातिर त्यो शहर सबैलाई क्षमा गर्नेछु।”

अब्राहामले परमेश्वरलाई फेरि भने,

“धुलो जस्तो भएर पनि हिम्मत गरेर भनिरहेछु। धर्मी पचास जनामध्ये पाँच जना कम भए पनि के ती पाँच जनाको खातिर शहरलाई नाश गर्नुहुन्छ?”
“मैले त्यो शहरमा पैंतालीस जना भेट्टाएँ भने पनि नाश गर्नेछैन।”
“परमेश्वर! त्यहाँ चालिस जना मात्र भेट्टाउनुभयो भने नि के गर्नुहुन्छ?”
“अँ, चालिस जना भेट्टाएँ भने क्षमा गर्नेछु।”
“परमेश्वर! साँच्चै माफ पाऊँ। नरिसाउनुहोस् तर सुनिदिनुहोस्। त्यहाँ तीस जना भेट्टाउनुभयो भने नि के गर्नुहुन्छ?”
“तीस जना भेट्टाएँ भने त्यो शहरलाई नाश गर्नेछैनँ।”



“साँच्चै साँच्चै माफ गर्नुहोस् । हिम्मत गरी बोल्दैछु । त्यहाँ बीस जना भेट्टाउनुभयो भने के गर्नुहुन्छ ?”
“बीस जना छन् भने त्यो सबै शहरलाई क्षमा गर्नेछु ।”
“परमेश्वर ! अब अन्तिम पटक हो । नरिसाउनुहोस् । एक पटक अझै भन्नेछु । त्यहाँ दश जना भेट्टाउनुभयो भने के गर्नुहुन्छ ?”
“हा हा ! दश जना भेट्टाएँ भने नाश गर्ने छैन ।”

यति भनिसकेपछि परमेश्वर तुरुन्तै जानुभयो ।

दिन ढल्ने बेलामा सदोमतर्फको बाटोमा गइरहेका दुई स्वर्गदूत त्यहाँ पुगे ।
त्यति बेला अन्तिममा ढोका अगाडि बसिरहेका अब्राहामका भतिजा लोतले तिनीहरूको सामुन्ने घोप्टो परेर दण्डवत् गर्दै भने,

“प्रभु ! मेरो घरभित्र पसेर गोडा धोएर यहिँ सुतेर सबेरै उठेर जानु पर्ने बाटोमा जानुहोस् ।”
“होइन । हामी बाहिरै सुतेर गए पनि हुन्छ ।”

लोतले धेरै पटक अनुरोध गरेर उनीहरूलाई घरभित्र ल्याइसकेपछि खाना खुवाए ।

ढ्याङ ढ्याङ ‼ “ओई, लोत ! ढोका खोल । साँझ तिम्रो घरमा आएका पाहुनाहरूलाई बाहिर निकाल । हामी तिनीहरूसँग खेलवाड गर्न चाहन्छौं ।”

लोतले ढोका बाहिर आएर भने,

“कुनै केटासँग नजिक नभएका मेरा दुई छोरीलाई पठाइदिन्छु मेरा छोरीहरूसँग खेलवाड गर्नुहोस् र यी मानिसहरूलाई केही पनि नगर्नुहोस् ।”
“तँ टाढा गएर बस् । तँ को होस् हामीलाई यो गर् र त्यो गर् भनेर के न्यायकर्ता हुन खोज्दैछस् ? हामीले तँबाट नै सिद्धयाउने काम गर्नुपर्ला !”

स्वर्गदूतहरूले हात पसारेर लोतलाई समातेर घरभित्र तानेर ल्याए र ढोका लगाइदिए ।
र ढोका बाहिर भएका मानिसहरूको आँखा अन्धो बनाइदिए ।



तिनीहरूले ढोका खोज्न धेरै प्रयास गरे ।
स्वर्गदूतहरूले लोतलाई भने,

"तिम्रा परिवार बाहेक अरू पनि छन् ? तिनीहरू सबैलाई शहर बाहिर निकाल्ने काम गर । यहोवाले यो शहरलाई मेटाउन भनी हामीलाई यो ठाउँमा पठाउनुभएको हो ।"

लोतले गएर छोरीहरू र ज्वाइँहरूलाई यो सत्यता बताएर शहर बाहिर निस्केर जाओ भने तर ज्वाइँहरूले ठट्टा गरेको हो भनेर विश्वास गरेनन् ।
उज्यालो हुने बेलामा स्वर्गदूतहरूले लोतलाई पत्नी र दुई छोरीलाई तानेर शहर बाहिर निस्क भने तापनि लोतले हिचकिचाहट गरे । जब तिनले त्यसै गर्दै रहे स्वर्गदूतहरूले तिनीहरूको हातमा समातेर तान्दै शहर बाहिर लगे ।

"छिट्टै यहाँबाट भागिहाल । जाँदै गर्दा फर्केर पनि नहेर र कतै पनि नअडिनू तर पहाडतिर भाग ।"
"प्रभु ! पहाडतिर चाहिँ कदापि म भाग्न सक्तिनँ । भाग्दै गर्दा यस विपत्तिमा परेर मर्छु कि भन्ने डर लाग्छ ।"
"ऊ त्यहाँ देखिने त्यो शहर नजिक पनि छ र सानो पनि भएकोले त्यो ठाउँमा भाग्न दिनुहोस् ।"
"हो र ? ठीक छ । त्यसो भए त्यो ठाउँसम्म नपुगुञ्जेलसम्म त्यो शहरलाई नाश गर्ने छैन ।"

त्यो शहरलाई सोअर भनियो । लोत सोअरमा पुग्दा सूर्य उदाइसकेको थियो ।
आकाशबाट आगो र गन्धक पानी जस्तै गरी सदोम र गमोरामा बर्सिएर शहर र त्यसमा भएका सबै थोकलाई छोप्यो ।
ओहो ! लोतकी पत्नीले सोअरमा पस्नै लाग्दा पछाडि फर्केर हेरिन् ।
पछाडि फर्केर हेर्ने बित्तिकै नूनको थाम भइहालिन् ।

**तर लोतकी पत्नीले पछाडि फर्केर हेरिन्, र तिनी नूनको थाम भइहालिन् । (उत्पत्ति १९:२६)**



## मेरा प्यारा सन्तानहरूलाई !

मानिसहरू पाप दुष्टताको अन्त्य थाहा नपाई पतनको बाटो, सर्वनाशको बाटोतर्फ दौडिरहेका छन् ।
सदोम र गमोरामा बस्ने मानिसहरूले सबै प्रकारका पापहरू गर्दै जिइरहेकोले मैले कुनै हालतमा पनि तिनीहरूलाई हेर्न नसकि सर्वनाश गर्छु भनेको हुँ ।
अब्राहामले तिनीहरूको लागि कति मध्यस्थता गरे भन्ने थाह छ नि ?
त्यसैले मैले अब्राहामको प्रार्थना सुनिदिएँ ।
धर्मी दश जना मात्र थिए भने पनि त्यो शहरलाई नाश गर्ने थिइनँ ।
लोतको परिवारहरू केवल अब्राहामको एउटा सन्तान भएको कारणले त्यो शहरबाट बचेका हुन् ।
तर तिमीहरूमा पनि समस्या भएको बेलामा आफूहरूले पनि प्रार्थना गरे तापनि मध्यस्थतकर्ताहरूलाई प्रार्थना गर्न अनुरोध गर । र विश्वासको उदाहरण देखिने अगुवाको नजिकमा त्यो विश्वासलाई मिल्दोजुल्दो बनाउने प्रयास गर ।
प्रेम गर्छु । मेरा सन्तानहरू !

तिमीहरूलाई प्रेम गर्ने परमेश्वर

## प्यारो परमेश्वरलाई

परमेश्वर ! सदोम र गमोरा अहिले पनि छ जस्तो लाग्छ ।
कहिलेकाहिँ समाचारमा हेर्दा सदोम र गमोरा जस्तै ठाउँहरू आउँदछ ।
र विचित्रको उत्सव मनाउने मानिसहरूको खबर स्क्रिनमा आउँदा आमा बुबा छक्क परेर टि.भी. नै बन्द गर्नुहुन्छ । तर पनि केही झलकहरू देखें ।
त्यस्तो दृष्यहरू सदोम र गमोरा शहरका मानिसहरूमा थिए त ?
त्यो शहरलाई विनाश गरेको देख्दा शहरमा धर्मीहरू दश जना पनि रहेनछन् ।
दश जना मात्र भएको भए पनि क्षमा गर्नेछु भनेर भन्नुभएको थियो तर......., उ उ उ
परमेश्वर ! म परमेश्वरको मन नदुखाउने काम गर्नेछु ।
परमेश्वर ! प्रेम गर्छु ।

परमेश्वरलाई प्रेम गर्ने म



# ११. तेरो छोरा इसहाकलाई बलिदान गर्

(उत्पत्ति १७:१५-१९, १८:९-१५, २१:१-२२:१९)

अब्राहाम ९९ वर्षको हुँदा एक दिन, परमेश्वरले भन्नुभयो,

“ए अब्राहाम ! तेरी पत्नी साराईलाई अबदेखि सारा भनिनेछ ।”
“परमेश्वर ? ‘सारा’ भनेको सबै जातिको आमा भन्ने अर्थ हो नि तर मेरो त एउटा पनि सन्तान छैन ।”
“म सारालाई आशिष् दिनेछु र तेरो छोरा जन्माउने बनाउनेछु । त्यसैले सबै जातिको आमा बनाउनेछु र जातिको राजाहरू साराबाट निस्किआउने छन् ।”

अब्राहाम भित्र भित्रै हाँसे ।

“होइन, परमेश्वर ! मेरो उमेर १०० वर्ष भएको छ, साराको उमेर ९० वर्षको छ कसरी जन्माउन सकिन्छ र !”
“तेरी पत्नी साराले निश्चय नै छोरा जन्माउनेछे । इसहाक नाउँले बोलाउनू । म ऊसँग मेरो करार स्थापित गर्नेछु, इसहाकको पछिल्लो सन्तानसँग अनन्तको करार हुनेछ ।”

र यहोवा दुई स्वर्गदूत सँगै मम्रेको फलाँटका रूखहरूनेर देखा पर्नुभयो अनि अब्राहामलाई सोध्नुभयो,

“अब्राहाम ! तेरी पत्नी सारा कहाँ छिन् ?”
“हजुर, पालमा छिन् ।”
“आउँदो साल यही समयमा म निश्चय तँकहाँ फर्किआउनेछु, र तेरी पत्नी साराले एक जना छोरो जन्माएकी हुन्छे ।”

साराले ढोका पछाडि ती कुरो सुनेर हाँसेकी थिइन् ।



"म अब वृद्ध भइसकेकी छु र अब्राहाम पनि म भन्दा अझै बुढो भएका छन् कस्तो बच्चा कसरी.......।"
परमेश्वरले अब्राहामलाई भन्नुभयो,

"कसरी साराले बृद्ध भएर छोरा जन्माउन सक्दिनँ भनेकी ? यहोवाको निम्ति के कुनै काम कठिन छ र ? समय भएपछि तँकहाँ फर्किआउनेछु त्यतिबेला साराको छोरा हुनेछ ।"

परमेश्वरले भन्नुभए अनुसार सारालाई हेर्नुभएकोले सारा गर्भवती भइन् ।
बेला भएपछि साराले छोरा जन्माइन् । परमेश्वरले भन्नुभए अनुसार नै इसहाक भनेर नाम राखे र जन्मिएको आठौं दिनमा खतना गरे ।

इसहाकले दाउराको भारी बोकेर पहाडमा उक्लिने ओर्लने उमेर भएको बेलामा परमेश्वरले अब्राहामलाई जाँच गर्नको लागि तिनलाई बोलाउनुभयो,

"ए अब्राहाम !"
"म यहीँ छु ।"
"तेरो छोरा तैंले माया गरेको तेरो एक्लो छोरा इसहाकलाई लिएर मोरियाह भूमिमा गएर मैले देखाएको डाँडामा इसहाकलाई होमबलि गर् ।"

परमेश्वरको आज्ञालाई सुनेर अब्राहामले बिहान सबेरै उठेर गधामा काठी कसेर छोरा इसहाक र दुई कमारासँगै होमबलिको लागि प्रयोग गरिने चिरेका दाउरा लिएर मोरियाह भूमितर्फको बाटो लागे । तीन दिन भएको दिन, अब्राहामले आँखा उठाएर टाढा हेरे । र सँगै आएका कमारालाई भने,

"तिमीहरू गधासँगै यहीँ पर्खिरहो । म र बालक सँगै ऊ–त्यहाँ गएर पूजा गरी तिमीहरूकहाँ फर्केर आउनेछौं ।"

अब्राहामले इसहाकलाई होमबलिको दाउरा लिएर जाऊ भन्दै अब्राहामले आगो र छुरी बोकेर गइरहेका थिए ।



"बुबा !"
"अँ ? किन छोरा ?"
"आगो र दाउरा त छन् तर होमबलि चढाउने थुमा चाहिँ कहाँ छ ?"
"इसहाक ! होमबलि चढाउने थुमा परमेश्वरले नै उत्तिखेरै तयारी गर्नुहुनेछ ।"

लगातार हिँडेर गए पछि परमेश्वरले देखाउनुभएको ठाउँमा आइपुगे । अब्राहामले वेदी बनाएर दाउराहरू फिँजाएर माथि राखे । र छोरा इसहाकलाई बाँधेर दाउरामाथि राखे । छुरी समातेर हात उठाए ।
छोरालाई प्रहार गर्ने क्षण भएको थियो ।
परमेश्वरको दूतले भने,


"ए अब्राहाम ! अब्राहाम !"
"प्रभु ! म यहीँ छु ।"
"त्यो बालकमाथि हात नउठा । त्यसलाई केही पनि नगर् । तेरो एउटा बाहेक अरू नभएको छोरालाई नबचाइकन मलाई चढाउन ल्याएकोले मैले अब तैंले मलाई आदर गर्दो रहेछस् भन्ने कुरालाई निश्चय गरी थाहा पाएँ ।"

अब्राहामले आँखा उठाएर हेर्दै जाँदा भेडा एउटा झाडीमा अल्झिरहेको थियो । त्यो भेडालाई ल्याएर इसहाकको सट्टामा होमबली चढाए ।
परमेश्वरका दूतले अब्राहामलाई फेरि बोलाए,

"अब्राहाम ! एउटा मात्र छोरालाई पनि बाँकी नराखेकोले म ठूलो आशिष् दिएर तेरा पछिल्लो पुस्ता आकाशका तारा जत्तिकै र समुद्रका बालुवा जस्तै धेरै बनाउनेछु । त्यसैले तेरो पछिल्लो पुस्ताहरूद्वारा यो संसारका सबै मानिसहरूले आशिष् पाउनेछन् ।"

त्यसपछि अब्राहाम, इसहाक र आफ्ना कमाराहरूकहाँ आए र बेर्शेबामा बसोबास गरे ।

**उनले भने, "तेरो हात त्यस केटामाथि नउठा", र "त्यसलाई केही नगर् । अब मैले थाहा पाएँ तैंले परमेश्वरको भय मान्दोरहेछस्, किनकि तेरो छोरो, तेरो एकमात्र छोरालाई पनि मबाट तैंले रोकेर राखिनस् ।"** (उत्पत्ति २२:१२)



## मेरा प्यारा सन्तानहरूलाई !

अब्राहामले कतै पनि मलाई निराश बनाएनन् ।
छोरालाई बलिदान गर्नू भन्ने मेरो आज्ञालाई पालन गर्ने कुरा गाह्रो थियो होला ।
एक शब्द पनि नसोधिकन अर्को दिन बिहानै मेरो आज्ञापालन गर्नको निम्ति हिँडे ।
मोरियाह भूमिको त्यो पहाडतर्फ हिँड्दै गइरहेको पाइला कति गह्रौं भएको थियो होला कल्पना गरी हेर ।
१०० वर्षको उमेरमा पाएका एकले इसहाकलाई राम्रोसँग पालन पोषण गरिरहेका थिए, एक्कासी बलिदान चढाउनू भनेर आदेश दिने मलाई घृणा गर्नुपर्ने थियो नि, तर पनि बाँकी नराखी मेरो निम्ति बलिलाई आगो लगाउने वेदीमा एकले छोरा इसहाकलाई बाँधिराखेर छुरी उठाउने अब्राहामको त्यो दृष्यले मलाई अत्यन्तै खुशी बनाउने काम गऱ्यो । परिणाम स्वरूप विश्वासको पुर्खा अब्राहाम भनी भन्न सकिन्छ नि होइन ?
प्रेम गर्छु । मेरा सन्तानहरू !

तिमीहरूलाई प्रेम गर्ने परमेश्वर

## प्यारो परमेश्वरलाई

ठीक हो, परमेश्वर ! अब्राहामलाई विश्वासको पुर्खा भनी भन्न सकिन्छ ।
तर कस्तो शिक्षा पाएको इसहाकले पनि कसरी त्यसरी बुबाको जस्तै विश्वास राम्रो भएको होला ?
आफैलाई जलाउने दाउरा बोकेर हिँडेका इसहाकको दृष्यमाथि क्रूसलाई बोकेर हिँड्नुभएको येशूको दृष्य जोडिएको छ ।
बलिलाई माथि राख्नुपर्ने वेदीमा आफ्नै शरीरलाई बाँधेर राख्ने बुबालाई विद्रोह पनि नगरि अनाज्ञाकारी पनि नगरेका इसहाकलाई हेर्दा क्रूसलाई बोक भन्ने परमेश्वरको आज्ञालाई पालन गर्ने येशूको स्वरूप थियो ।
इसहाकको सट्टामा परमेश्वरले तयारी गरिराख्नुभएको भेडा पनि हाम्रो पापको सट्टामा मर्नुभएको येशूलाई देखाइदिनु भएको जस्तो छ । असीम प्रेमद्वारा हामीलाई हेरविचार र सुरक्षा गर्नुहुने परमेश्वर ! प्रेम गर्छु ।

परमेश्वरलाई प्रेम गर्ने म



# १२. इसहाक र रिबेकाको विवाह
## (उत्पत्ति २४:१-६७)

अब्राहाम उमेरमा धेरै भएर बुढो भएका थिए। इसहाकको विवाह गरिदिनुपर्छ भन्ने विचार आयो । त्यसैले आफ्नो घरको सम्पत्ति व्यवस्थापन गर्ने एकदम नै उमेर धेरै भएका कमारालाई बोलाए ।

“तेरो हात मेरो तिघ्रामुनि राखेर शपथ खा। मैले तँलाई यहोवामा शपथ खान लाउँछु। तँ अहिले बसोबास गरेको कनानी जातिको छोरीहरूमध्येबाट कसैलाई मेरो छोराको दुलही हुनलाई नचुन्नू र मेरो जन्मघर मेरो आफ्नै जातिकहाँ गएर मेरो छोराको निम्ति दुलही चुनेर ल्याउने काम गर् ।”
“तर मालिक ! केही गरी ती केटीले मलाई पछ्याएर यो कनान भूमिमा आउन मानिन भने के गर्ने त ? त्यसो भए के इसहाकलाई लिएर तपाईं जुन देशबाट आउनुभएको थियो त्यहिँ नै लैजाउँ ?”
“होइन। त्यसो नगर्। यहोवा परमेश्वरले मलाई जन्मभूमि, नातेदार सबैलाई छोडेर आइज भन्नुभएर यो कनान भूमि तेरो पछिल्लो सन्तानलाई दिनेछु भन्नुभएको थियो । पहिले नै परमेश्वरको दूतलाई मेरो जन्मभूमिमा पठाउनुहुनेछ। तैंले त्यहाँ मेरो छोराको लागि दुलही खोज्ने काम गर् ।
यदि त्यो केटीले तेरो पछि आउन मानिन भने त्यत्तिकै फर्केर आइज। जस्तोसुकै काम भए पनि इसहाकलाई त्यो भूमिमा लिएर जानु हुँदैन ।”

त्यो कमाराले अब्राहामको तिघ्रामुनि हात राखेर शपथ खायो । दश वटा उँटमा विभिन्न प्रकारका असल सामानहरू राखेर मेसोपोटामियातिर गयो। त्यहाँ अब्राहामको भाइ नाहोर बसोबास गर्ने शहरमा पुग्यो ।
शहर बाहिर इनार थियो ।

“लौ अब, यो ठाउँमा उँटलाई विश्राम गराउनु पर्‍यो ।”

समय चाहिँ केटीहरू पानी भर्नको लागि साँझ भएको थियो ।
त्यो कमाराले प्रार्थना गर्‍यो ।



“हाम्रा मलिक अब्राहामका परमेश्वर ! मलाई यो ठाउँमा जिम्मा लगाएको काम राम्रोसँग गर्नको लागि सहायता गर्नुहोस् । अब्राहामलाई अनुग्रहले भर्नुहोस् ।
म यो इनारको नजिकै उभिइरहेको बेलामा गाउँका केटीहरू पानी भर्नलाई आउँदा मैले एउटी कन्यालाई ‘तिम्रो गाग्रो मतिर पानी पिउनलाई ढल्काइदिन्छौ ?’ भनेर सोध्नेछु । त्यति बेला ती केटीले ‘हजुर, पिउनुहोस् । तपाईंको उँटहरूलाई पनि पानी दिनेछु’ भनी जवाफ दिइन् भने त्यो केटीलाई प्रभुले इसहाकको निम्ति निर्धारित गरिदिनुभएको मानिस बनाइदिनुहोस् । यस्तो काम भयो भने प्रभुले मेरो मालिकलाई अनुग्रह गर्नुभएको हो रहेछ भनी मलाई थाहा हुनेछ ।”

प्रार्थना सकिनु अघि नै एकदम नै सुन्दरी कन्या पानीको गाग्रो काँधमा बोकेर इनारमा आइन् । तिनले इनारमा ओर्लेर गाग्रोमा पानी भरेर माथि आइन् । त्यो कमारा दौडँदै गएर भन्यो,

“ए नानी ! के मलाई अलिकता पानी दिन्छ्यौ ?”
“हजुर, भइहाल्छ नि, पिउनुहोस् ।”

पानीको गाग्रो झारेर पानी पिउने बनाइन् । पानी खान दिइसकेपछि ती केटीले भनिन्,

“म पानी भरेर आएर तपाईंका उँटहरूलाई पनि पानि खुवाउनेछु ।”
गाग्रोको पानी डूँडमा खन्याएर इनारमा गएर धेरै पटक पानी भरेर ल्याएर सबै उँटहरूलाई टन्नै पानी खुवाइन् । त्यो कमाराले परमेश्वरले आफ्नो यात्रालाई अगुवाई गरिदिनुभएको हो कि होइन भनी थाहा पाउनलाई ती केटीलाई चूपचाप हेरिरहेको थियो ।
सबै उँटहरूले पानी खाइरहेको बेलामा ५.७ ग्रामको तौल भएको सुनको नत्थ एउटा ११४ ग्राम जतिको सुनका बालाहरू एक जोडी ती केटीलाई दियो ।

“ए नानी तिमी कसकी छोरी हौ ? नानीको घरमा हामीलाई सुत्न मिल्ने कोठा छ ?”
“मेरो बुबा बतूएल हुनुहुन्छ र हजुरबुबा नाहोर र हजुरआमा मिल्का हुनुहुन्छ । म रिबेका हुँ । हाम्रो घरमा उँटले खाने दाना र पराल प्रशस्त छ र सुत्ने कोठा पनि छ ।”



त्यो कमाराले शिर निहुराएर मनमनै परमेश्वरलाई दण्डवत् गर्‍यो ।

“हल्लेलूयाह ! मेरो मालिक अब्राहामको परमेश्वरको प्रशंसा गर्छु । प्रभुले मेरो मालिकप्रतिको प्रभुको दया र विश्वस्ततामा मेरो मालिकको भाइ नाहोरको घरमा ल्याइदिनुभएको छ ।”

रिबेका दौडँदै गएर घरभित्र पसेर यी कामको बारेमा परिवारहरूलाई बताइन् ।
ति केटीका दाजु लाबानले रिबेकाले पाएका सुनहरूलाई देखेर बहिनीले भनेकी कुरा सुनेर इनारमा दौडेर जाँदा त्यो मानिस इनार र उँटको छेउमा उभिइरहेको थियो ।
लाबानले अब्राहामको कमारालाई लिएर घरमा गए ।
लाबानले उँटलाई दाना दिएर कमारासँगै आएका मानिसहरूलाई गोडा धुने पानी दिएर खाना पनि राखिदिए ।

“म यो ठाउँमा आउनुको समाचार भन्नु अघि म केही पनि खाने छैनँ ।”
“ठीक छ, छिटो भन्नुहोस् ।”

त्यो कमाराले अब्राहाम कनानमा बसोबास गरेको कुरा र सँगै शपथ खाएको कुरा, इनारमा प्रार्थना गरेको विषय, रिबेकालाई इनारमा भेटेको दिनसम्मको कुरा सबै बतायो ।

“लौ, अब तपाईंहरूले रिबेकालाई के गर्ने भनेर इमान्दारीपूर्वक मलाई भन्नुभयो भने हुन्छ ।”
“यहोवाले योजना गर्नुभएको कामलाई हामीले कसरी निर्णय गर्न सक्छौं र । रिबेका यहिँ छिन् लिएर जानुहोस् र तपाईंको मालिकको छोरासँग विवाह गराइदिनुहोस् ।”

रिबेकाले तिनकी कमारीहरूसँगै अब्राहामको कमाराको पछि लागेर त्यो ठाउँलाई छोडेर इसहाकलाई भेटिन् । इसहाकले रिबेकालाई आफ्नी आमा साराको पालमा लगे, र विवाह गरे । अनि तिनी उनकी पत्नी भइन् र उनले तिनलाई प्रेम गरे ।

**अनि आफ्नो शिर निहुराएर भक्तिसाथ परमप्रभुलाई दण्डवत् गरें, र मेरा मालिक अब्राहामका परमप्रभु परमेश्वरलाई धन्यको भनें, जसले मेरा मालिककै भाइकी नातिनी तिनका छोराको निम्ति दिन मलाई ठीक बाटोमा डोर्‍याउनुभएको थियो । (उत्पत्ति २४:४८)**



## मेरा प्यारा सन्ताहरूलाई !


अब्राहाम कनान भूमिमा बसोबास गरे तापनि बुहारीलाई कनानी जाति अर्को शब्दमा अन्यजातिहरूको बीचबाट ल्याउन सकेका थिएनन्। त्यसैले आफ्नै नातेदारहरूका बीचबाट लिएर आउने योजना बनाएर आफ्नै अति नै विश्वासयोग्य कमारालाई बोलाएर शपथ खान लगाएँ। मैले अनिवार्य रूपमा अगुवाई गर्नुहुनेछ भन्ने विश्वास अब्राहामसँग थियो। उनको कमारा पनि त्यस्तै नै थिए। उनले पनि मलाई पहिले विशेष गरी प्रार्थना गरेर अब्राहामसँगै शपथ खाने काम गर्न लगाएको हुँ।
त्यो दृष्य राम्रो लागेर मैले इसहाक र रिबेकाको विवाहलाई अगुवाई गरें।
तिमीहरूले पनि सधैं म तिमीहरूसँगै हुनेछु भन्ने विश्वासलाई लिएर जिएमा असल हुनेछ। प्रेम गर्छु। मेरा सन्ताहरू !

तिमीहरूलाई प्रेम गर्ने परमेश्वर

## प्यारो परमेश्वरलाई

परमेश्वर ! रिबेकाको दाजु र आमाले रिबेकालाई पठाउँदैनन् कि भनेर म निराश भएको थिएँ। तर रिबेकाले इसहाककहाँ जानेछु भनेकीले मलाई राहत भयो। परमेश्वरले निर्धारित गर्नुभएको तिनीहरू भए तापनि 'विवाह गर्न सकेनन् भने के हुन्थ्यो होला ?' अशान्ति भएको मेरो स्वरूप अलिकति शर्मलाग्दो भयो।
विश्वासमा राम्रो भएका इसहाक र अति नै सुन्दरी रिबेकाको विवाह !
तान ताआत्ता तान ! ♩♬♪♩
परमेश्वर सधैं सँगै रहेर अगुवाई गर्नुभएको छ भनेर देखाइदिनुभएको विवाह हो।
म पनि अनिवार्य येशूलाई विश्वास गर्ने मानिससँग मात्र विवाह गर्नेछु। ह ह
परमेश्वर ! प्रेम गर्छु।

परमेश्वरलाई प्रेम गर्ने म



# १३. इसहाककहाँ देखा पर्नुभएको परमेश्वर
(उत्पत्ति २६:१-३५)

अब्राहामको पालामा परेको अनिकाल बाहेक इसहाक बसोबास गरेको समयमा पनि अनिकाल पऱ्यो । इसहाक पलिश्तीहरूका राजा अबिमेलेक बसोबास गरेका गरारमा गए । परमेश्वर इसहाककहाँ देखा परेर भन्नुभयो,

"तँ इजिप्टतिर नजानू तर मैले तँलाई देखाएको भूमितिर बसोबास् गर् ।"
"हजुर, प्रभु !"
"इसहाक ! तँ यही भूमिमा बसोबास् गरिस् भने म तँलाई आशिष् दिएर यी सबै भूमि तँ र तेरो सन्तानहरूलाई दिनेछु । अब्राहामसँग प्रतिज्ञा गरेजस्तै तेरो सन्तानहरूलाई आकाशका तारा जत्तिकै धेरै बनाउनेछु । तेरो बुबा अब्राहामले मेरो वचनलाई पालन गरेर मेरो कानून र आज्ञालाई राम्रोसँग पालन गरेको कारणले पाएको आशिष हो ।"

त्यसैले इसहाक गरारमा नै बसोबास गर्न शुरू गरे ।
मानिसहरूले सुन्दरी रिबेकाको बारेमा सोधे ।

"तपाईंसगै भएकी यी स्त्री को हुन् ? अति नै सुन्दरी छिन् ।"
"मेरी बहिनी हुन् ।"

इसहाक त्यो भूमिमा लामो समयसम्म बसोबास गरे । एक दिन, अबिमेलेक राजाले झ्यालबाट हेर्दा इसहाक र रिबेकाले अँगालो हालेको देखेर भने,

"हैन, त्यहाँ त्यो ? बहिनी भनेर दुई जना अँगालो हालिरहेका छन् ? ओइ ! तुरुन्तै गएर इसहाकलाई बोलाएर ले ।"
"ए इसहाक ! तपाईंले मलाई धोका दिनुभयो । मेरो नजरमा रिबेकालाई तिम्री पत्नी हुन् भनी निश्चित गरेको छु कसरी बहिनी भनी भन्न सक्यौ ?"
"हजुर ? मैले उनलाई साँच्चै मेरी पत्नी हुन् भनेको भए मलाई मार्न पनि सक्छन् होला कि भनेर त्यसो गरेको हुँ ।"
"हाम्रा प्रजाहरूमध्ये जो कसैले पनि तपाईंकी पत्नीलाई लिएर गएको भए के हामीले अपराध गरेको ठहरिने थिएन र ?"



राजाले सबै प्रजाहरूलाई चेतावनी दिए ।

"अहिलेबाट यो मानिस र उनकी पत्नीलाई दुःख दिने जो कोहीलाई मारिनेछ ।"

इसहाकले यसपछि शान्त भएर त्यो भूमिमा खेतीपाती गरे ।
परमेश्वरको आशिषद्वारा उनले सयौं गुणा कटनी गरे । इसहाकको खेतीपाती बिस्तारै बिस्तारै राम्रो हुँदै गएर अन्त्यमा धनी भए । खेतीपाती पनि राम्रो भएर भेडा बाखा गाईवस्तु कमाराहरू धेरै भएकोले पलिश्तीका मानिसहरूले डाहा गर्न लागे ।

"हाम्रो जाति नभएका मानिसहरूले यो भूमिमा प्रवेश गरेर धनी भएको देख्दा मन दुख्छ । हामी सबैले तिनीहरूले खनेका इनारहरू माटोले पुरिदिऔं ।"

अबिमेलेक राजाले पनि इसहाकलाई भने,

"तपाईं हामीभन्दा अझ धनी हुनुभएकोले अब यो ठाउँबाट जानुहोस् ।"

इसहाकले त्यो ठाउँ छोडेर गरारको बेंसीमा पाल टाँगेर बसोबास गर्न थाले ।
उनका बुबा अब्राहाम बसोबास गरेको बेलामा उनका नोकरहरूले खनेका इनारहरू इसहाकले फेरि खनेका थिए । पलिश्तीहरूले त्यो इनारलाई माटोले पुरिदिएका हुन् ।
इसहाकले त्यो इनारको नाउँ बुबाले भनेकै नाउँ राखेका थिए ।
इसहाकका नोकरहरूले बेंसीमा इनार खनेर पानीको मूल भेट्टाए । तर गरारका गोठालाहरू आए र भने,

"यो इनार हाम्रो हो ।"
"ए भाइहरू, यो इनार तिनीहरूलाई दिएर अर्को ठाउँमा जाऔं । र यो इनारलाई झगडाको इनार 'एसेक' भनौं ।"



अर्को ठाउँमा इसहाकका नोकरहरूले फेरि इनार खने । गरारका गोठालाहरूले फेरि त्यो पनि हाम्रो हो भनेर जोड गरी झगडा गरे । इसहाकले त्यो इनारको नाउँ 'सित्ना' भनेर राखे ।
इसहाक अर्को ठाउँमा सरेर त्यहाँ पनि अर्को इनार खने त्यहाँ तिनीहरूले अझ उसो इनार लुट्न आएनन्
त्यसैले त्यो इनारको नाउँ पनि राखे ।

"अब यो इनार खुल्ला ठाउँहरू (रहोबोत) भनिनेछ । परमेश्वरले हामीलाई खुल्ला ठाउँहरू दिनुभएकोले हामी बिस्तारै बिस्तारै राम्रो हुने कामहरू मात्र बाँकी रहेको छ ।"

इसहाक त्यहाँबाट बेर्शेबामा गए ।
त्यो रातमा, परमेश्वर इसहाककहाँ देखा पर्नुभयो,

"ए इसहाक ! म तेरो बुबा अब्राहामको परमेश्वर हुँ । तँ नडरा । मैले अब्राहामलाई सम्झेकोले अब तँसँगै रहनेछु । तँलाई आशिष् दिएर तेरो सन्तान धेरै बनाइदिनेछु ।"

इसहाकले त्यो ठाउँमा वेदी बनाएर परमेश्वरलाई पुकारे । र पाल टाँगेर नोकरहरूले त्यहाँ पनि इनार खने ।
यो समयमा गरारबाट अबिमेलेकले सल्लाहकारहरूलाई ल्याएर इसहाकलाई भेट्न आए ।

"मलाई घृणा गरेर धपाउनुभएको थियो यहाँ के कामले फेरि आउनुभएको हो ?"
"हामीले प्रष्टै देख्यौं कि परमप्रभु तपाईंसँगै हुनुहुन्थ्यो । त्यसैले हामी र तपाईंको बीचमा शपथ हालेर तपाईंसँग झगडा गर्नेछैनौं भनी करार बाँध्न चाहेकोले आएका हौं । हामीले तपाईंलाई कुनै हानी नगरी शान्तसँग पठाएका थिएनौं र ? तपाईं यहोवा परमेश्वरबाट साँच्चै आशिष् पाएको मानिस हुनुहुन्छ ।"

इसहाकले तिनीहरूको निम्ति भोज तयार गरे । तिनीहरूले खानपान गरेर अर्को दिन बिहानै उठेर एक आपसमा करार पालना गर्नेछौं भनी शपथ खाए ।
इसहाकले तिनीहरूलाई पठाएपछि तिनीहरू शान्तिसाथ छुट्टिएर गए ।

**तिनीहरूले भने, "हामीले प्रष्टै देख्यौं कि परमप्रभु तपाईंसँग हुनुहुन्थ्यो । यसैले हामी यही भन्न चाहन्छौं कि हाम्रा बीचमा, अर्थात् तपाईं र हाम्रा बीचमा एउटा सम्झौता होस् । तपाईंसँग हामी शपथसहितको एउटा सन्धि गरौं," (उत्पत्ति २६:२८)**


sworn
agreement

## मेरा प्यारा सन्तानहरूलाई !

मैले अब्राहामसँग गरेको प्रतिज्ञालाई पालन गर्नको निम्ति इसहाककहाँ देखा परेको हुँ ।
आशिष् दिएर जमिन दिएर पछिल्लो पुस्ता दिएर यो भूमिमा धनी बनाएँ ।
अब्राहामले मेरो कुरामा विनाशर्त आज्ञाकारी भएर मेरो सबै कानून र आज्ञालाई पालन गरेकोले प्रत्येक सन्तानले आशिष् पाएर जिउनेछन् ।
आदमदेखि शुरू गरेर कयिन, शेम, नोआ, अब्राहाम, इसहाकमा गर्व गर्न सक्छु । मलाई कति विश्वास गरेर पछ्याउँछौ भनेको हुँ । पछिल्लो पुस्तासम्म ओर्लंदै जान सक्ने गरी बिस्तारै बिस्तारै अझ आशिष् पाएर त्यो वंशावली मेरो प्यारो पुत्र येशूमा पूरा हुनेछ ।
प्रेम गर्छु । मेरा सन्तानहरू !

तिमीहरूलाई प्रेम गर्ने परमेश्वर

## प्यारो परमेश्वरलाई

परमेश्वर ! म, इसहाकले पत्नी रिबेकालाई बहिनी भनेर धोका दिएको दृष्यमा अति नै धेरै हाँसो लाग्यो । बुबाले पनि छोराले पनि कसरी ठ्याक्कै मिलाउन सकेका होलान् ?
सुन्दरी पत्नी पाउनु पनि, आफ्नी पत्नीलाई खोसेर मलाई मारिदिन्छन् कि भनी बहिनी भनेर धोका दिने कुरा पनि । त्यसको बावजुद पनि परमेश्वर इसहाककहाँ देखा परेर हेरविचार गरिदिएर आशिष् दिनुहुने परमेश्वरलाई साँच्चै ताली बजाउँछु ।
र इनारको महत्वपूर्ण कारणको बारेमा पनि थाहा पाएँ । साँच्चै पुरानो करारको रमाइलो वचन हो ।
परमेश्वर ! प्रेम गर्छु ।

परमेश्वरलाई प्रेम गर्ने म



# १४. इसहाकका जुम्ल्याहा छोरा एसाव र याकूब

(उत्पत्ति २५:१९-३४, २७:१-२३)

इसहाकले पत्नी रिबेका बाँझी भएकी हुनाले परमेश्वरलाई प्रार्थना गरे।
परमेश्वरले प्रार्थनाको उत्तर दिनुभयो र रिबेका गर्भवती भइन्।

"बच्चा जुम्ल्याहा भएकोले गर्भमा एक अर्कामा लडन्त गरिरहेका छन् के गर्ने होला ?"
"त्यस्तो हुनु हुँदैन। हामी परमेश्वरलाई सोधेर हेरौं।"

परमेश्वरले भन्नुभयो,


"दुई जातिहरू पेटभित्र भएकोले पेटभित्रबाट नै अलग अलग हुनेछन्। एउटा राष्ट्र अर्को राष्ट्रभन्दा बलियो हुनेछ र जेठाले कान्छाको सेवा गर्नेछ।"

जब बच्चा जन्माए साँच्चै नै जुम्ल्याहा नै रहेछन्। पहिले निस्केको छोरा रौँको लुगा लगाए जस्तै शरीरभरी रौँले ढाकेको थियो। पछि निस्केको छोराले दाजुको कुर्कच्चा हातले च्याप्पै समातेर निस्कियो।

"रौँ धेरै भएको जेठो छोरोचाहिँ 'एसाव' हो र कुर्कुच्चा समात्ने कान्छो छोराचाहिँ 'याकूब' भनी भनौं।"

बच्चाहरू स्वस्थ भएर राम्ररी बढ्दै गए। एसावचाहिँ शिकारी भएर घुमफिर गर्दै हिँड्ने जीवन जिए भने याकूबचाहिँ शान्त प्रकारका मानिस भएर पालमा नै जीवन बिताउने मानिस भए।
इसहाकले एसावले शिकार गरेर ल्याएका मासु मन पराएर एसावलाई माया गर्थे र रिबेकाले याकूबलाई प्रेम गरिन्। एक दिन याकूबले सुरुवा पकाइरहेको बेलामा एसाव घुमफिर गर्दै घरमा फर्केर आए।

"ए याकूब ! मलाई एकदम भोक लागिरहेको छ र थकाई पनि लागेको छ। तिमीले पकाइरहेको त्यो रातो कुरा अलिकति मलाई खान देऊ।"
"हो र ? त्यसो भए, मैले पकाएको सुरुवा दिनेछु तर दाजुको ज्येष्ठ अधिकार मलाई बेच्नुहोस्।"


Esau
Jacob

"ओई ! त्यो मैले लिइरहेको ज्येष्ठ अधिकार के हो र । अहिले म मर्नै लागेको छु तिमीले नै लैजाऊ । छिटै त्यो रातो सुरुवा लिएर आऊ ।"
"दाजु ! त्यसो हो भने अहिले मसँग शपथ खानुहोस् ।"
"हुन्छ । म एसावले भाइ याकूबलाई ज्येष्ठ अधिकार, जन्मसिद्ध अधिकार बेचेको छु भनी शपथ खाँदछु ।"

याकूबले रोटी र सुरुवा दिए र खाएर आफ्नो बाटो लागे ।
एसावले आफ्नो ज्येष्ठ अधिकार ज्यादै नै घृणा गरेर एक छाकको खानामा साटेर त्यागे ।

समय बित्दै गयो र इसहाकले राम्रोसँग आँखा देख्न नसक्ने भए । जेठो छोरा एसावलाई बोलाए ।

"ए मेरो छोरा एसाव !"
"हजुर, बुबा । म यहिँ छु ।"
"म अब बुढो भएको छु र कहिले मर्छु थाहा छैन । त्यसैले मैदानमा गएर शिकार गरेर आइज । त्यसबाट मलाई मन पर्ने स्वादिष्ठ तरकारी बना । र मर्नुअघि मेरो खुशी अनुसारको आशिष् तँलाई दिन चाहन्छु ।"

रिबेकाले इसहाकको कुरा सुनिन् । एसाव शिकार गर्न मैदानमा गएको बीचमा रिबेकाले याकूबलाई बोलाइन् ।

"ए याकूब ! बर्बाद भयो । तेरो बुबाले एसावलाई जन्मसिद्धको आशिष दिन खोजिरहेका छन् । एसाव शिकारबाट फर्किआउनु अघि तैंले त्यो आशिष् पाउनु पर्छ । त्यसैकारण मैले भने अनुसार गर् ।"
"हजुर, आमा । भन्नुहोस् ।"
"पहिले बाखा राखेको खोरमा गएर असल पाठा दुई वटा लिएर आइज । म तेरो बुबाको निम्ति स्वादिष्ठ तरकारी बनाइदिन्छु । तैंले त्यो भोजन लिएर बुबालाई लगेर दे । त्यो भोजन खाइसकेपछि मर्नु अघि तैंले आशिष् पाउने काम गर् ।"



"तर आमा ! दाजु एसावको त धेरै रौँ छ तर म त चिल्लै छु कसरी हुन्छ ? बुबाले छुनुभयो भने तुरुन्तै क्रोधित हुनुहुनेछ । आशिष् पाउन गएकोमा उल्टै सराप पो पाउँछु कि भन्ने डर लाग्छ ।"
"मेरो प्यारो छोरा ! चिन्ता नगर् । त्यो सराप ममा नै फर्किआओस् । मैले भने अनुसार नै गर् ।"

याकूबले दुई वटा बाखा आमाकहाँ तान्दै ल्याएर दिए र बुबाको स्वादमा मिल्ने भोजन बनाइदिइन् । र एसावको लुगा ल्याएर याकूबलाई लगाइदिइन् ।
फेरि पाठाको छाला याकूबको चिल्ला चिल्ला हात र घाँटीमा टाँसिदिइन् ।
याकूबले बुबाकहाँ आमाले बनाइदिएको स्वादिष्ठ तरकारी र रोटी लिएर गए ।

"बुबा !"
"म यहाँ छु । मेरो छोरा, तँ कुनचाहिँ होस् ?"
"बुबाको जेठो छोरा एसाव हुँ । बुबाले आज्ञा गर्नुभए अनुसार गरेको छु अब उठेर खानुहोस् र आशिष् दिनुहोस् ।"
"छोरा, कसरी यति छिटै समात्न सकिस् ?"
"हजुर, बुबाको परमेश्वरले शिकारलाई छिटै भेट्टाइदिने बनाउनुभयो ।"
"मेरो छोरा ! यहाँ नजिकै आइज । मेरो छोरा एसाव हो कि होइन म एक पल्ट छोएर हेर्न चाहन्छु ।"

याकूब नजिक गए र इसहाकले छोएर हेरे ।

"अलिकति केहि भिन्नता छ । स्वर चाहिँ याकूबको हो तर हात चाहिँ एसावको हात नै रहेछ ।"

इसहाकले रौँ भएको याकूबको हातलाई चिन्न सकेनन् र याकूबलाई आशिष् दिए ।

**याकूबले भने, "पहिले शपथ खाएर मलाई भन्नुहोस् ।" तब उनले शपथ खाए, र आफ्नो ज्येष्ठ-अधिकार याकूबलाई बेचे । (उत्पत्ति २५:३३)**



## मेरा प्यारा सन्तानहरूलाई !


एसावले मैले दिएको जन्मसिद्ध आशिष्लाई अति नै हलुका रूपमा विचार गऱ्यो । परिणाम स्वरूप भाइ याकूबकहाँ ती सबै आशिष् खोसिन पुगे ।
अब्राहामले प्रार्थनाद्वारा इसहाकलाई जन्माएजस्तै इसहाकले पनि प्रार्थनाद्वारा एसाव र याकूबलाई जन्माए तापनि दाजुले भाइको सेवा गर्ने भयो ।
अलिकति दुःख लाग्दो कुरा चाहिँ मैले व्यक्तिगत रूपमा याकूबले आशिष् पाएको होस् भनेर गर्भमा बच्चाहरू भएको बेलामा भने तापनि रिबेकाले धैर्य गरेर पर्खिन सकिनन् ।
याकूबसँगै धैर्य गरेर पर्खेको भए म आफैले जानेर आशिष् दिने थिएँ तर...........।
तिमीहरूले मलाई पूर्ण रूपमा विश्वास गरेर मैले गर्ने कुरामा पर्खिरहो भन्ने चाहन्छु ।
प्रेम गर्छु । मेरा सन्तानहरू !

तिमीहरूलाई प्रेम गर्ने परमेश्वर

## प्यारो परमेश्वरलाई

परमेश्वर ! म याकूबलाई अति नै घृणा गर्छु । आमा केटा (सानैदेखि ठूलो भइञ्जेलसम्म आमालाई नछोडी आमासँगै लुटुपुटु गर्ने) जस्तै आमाको फरियाको टुप्पा समातेर घरभित्र मात्र वरिपरि झुण्डिएर बसिरहेको छ नि । जन्मने बेलामा पनि दाजुको कुर्कुच्चा समातेर जन्मिएर सुरुवा एक कचौरामा ज्येष्ठ-अधिकारलाई किनेर, पछि गएर आशिष् समेत छल गरेर.........।
तर कसरी याकूबले ठूलो आशिष् पाएका होलान् ?
अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर, याकूबका परमेश्वर भन्ने सम्मको । अहिलेलाई त्यत्ति थाहा नभए पनि याकूबको बारेमा अझै पढिहेर्नेछु ।
परमेश्वर ! प्रेम गर्छु ।

परमेश्वरलाई प्रेम गर्ने म



# १५. याकूबले पाएका आशिष्
(उत्पत्ति २७:२४-२८:५)

इसहाकले याकूबलाई आशिष् दिए ।

“परमेश्‍वरले आकाशको शीत र पृथ्वीको तेल, प्रचुर अन्न, दाखमद्य तँलाई दिनुभएको होस् भन्ने चाहन्छु । सबै मानिसले तेरो सेवा गरेर सबै राष्ट्रलाई तँकहाँ सुम्पिएको होस् र तँ दाजुभाइहरूको मालिक भएर तेरो नातेदारहरूले तँकहाँ सुम्पिएको होस् भन्ने चाहन्छु । तँलाई सराप्नेहरूले सराप पाऊन् र आशिष् दिनेहरूले आशिष् पाऊन् भन्ने चाहन्छु ।”

याकूबले बुबा इसहाकबाट आशिष् पाएर जाने बित्तिकै दाजु एसाव शिकारबाट फर्किआए । तिनले स्वादिष्ठ तरकारी बनाएर बुबाकहाँ लिएर गए ।

“बुबा ! मैले शिकार गरेर ल्याएको मासुको स्वादिष्ठ तरकारी बनाएर ल्याएको छु । उठेर खाइहेर्नुहोस् ।”
“तँ को होस् ?”
“म तपाईंको जेठो छोरा एसाव हुँ ।”

इसहाक तर्से र थरथर काम्दै भने,

“हैन, अलिक अगाडि मकहाँ शिकारको मासु लिएर आउने छोरा चाहिँ कुन हो त ?”
“हजुर ? बुबा ! मैले अहिले लिएर आएको छु ।”
“होइन, भर्खरै अघि मात्रै मैले त्यो पकाएको खाना सबै खाइसकेर त्यसलाई आशिष् दिइसकेकोले त्यसले नै त्यो आशिष् पाउनेछ ।”

एसावले बुबाको कुरा सुनेर दुःखित हुँदै रोए ।

“बुबा ! हँ हँ !! हे मेरो बुबा ! मलाई पनि आशिष् दिनुहोस् ।”



"तेरो भाइ आएर मलाई छल गरेर तेरो आशिष् पो खोसेर लगेको रहेछ ।"
"बुबा ! याकूबको र मेरो स्वर पनि फरक छ, मेरो रौँ धेरै छ तर याकूबमने त छैन नि कसरी छल गर्ने सक्छ ?"
"त्यहि त भन्या, आवाज चाहिँ याकूबकै थियो तर हातमा प्रष्टै गरी धेरै रौँ थियो र लुगाबाट तेरो गन्ध आइरहेको थियो ।"
"बुबा ! त्यसको नाउँ याकूब हो नि । 'छल गर्ने' भन्ने नाउँको मूल्य राखेको रहेछ । यो पटक पहिलो नभएर दोस्रो पटक हो । मलाई छल गर्ने कुरा । गएको समयमा पनि दालको सुरुवामा मेरो जन्मसिद्ध अधिकार खोसेको थियो भने अहिले मेरो आशिष्समेत खोसेर लग्यो । बुबा ! त्यसैले मेरो निम्ति दिने कुनै आशिष् छैन ? एउटा पनि बाँकी राख्नुभएन ?"
"माफ गर, छोरा ! मैले पहिले नै त्यसलाई तेरो मालिक बनाइसकें । त्यसका सबै नातेदारहरू त्यसको कमारा भएर अन्न र दाखमद्यसमेत सबै दिएको छु र तेरो लागि गरिदिन सक्ने केही पनि छैन नि ।"

एसाव रोइरहेर बुबासँगै झुण्डिरह्यो ।

"बुबा ! कृपा गरी मलाई आशिष् दिनुहोस् । हँ हँ !!"
"एसाव ! तँ बसोबास गर्ने जमिनमा तेल हुने छैन र आकाशबाट शीत पनि झर्ने छैन । तैंले तरवारमा विश्वास गरेर जिउनेछस् र तेरो भाइको सेवा गर्नेछस् ।"

बुबाले याकूबलाई आशिष् दिनुभएको कारणले एसावले याकूबलाई घृणा गर्न लागे ।

"ए याकूब, तँ ! अब बुबा मर्नुभएपछि म तँलाई मारेर फालिदिनेछु ।"

एसावले रिस पोखाएर भनेका कुरा रिबेकाले सुनेर याकूबलाई बोलाइन् र भनिन्,

"मेरो प्यारो छोरा याकूब ! तेरो दाजु एसावले तँलाई मार्न खोजिरहेको छ । त्यसैले अबबाट मैले भनेको कुरा राम्ररी सुन् ।"



“हुन्छ, आमा । छिटो भन्नुहोस् ।”
“तँ तुरुन्तै हारानमा भएको मेरो दाजु लाबानको घरमा जा । त्यो ठाउँमा तेरो दाजुको रीस नमरून्जेलसम्म भागेर बस् । तेरो दाजुको रीस मरिसकेपछि तँलाई ल्याउन म मानिसहरू पठाउनेछु । मेरा दुई छोराहरू एकै दिनमा गुमाउन सक्दिनँ नि । म बुबालाई राम्ररी भन्नेछु ।”

र इसहाककहाँ गएर भनिन्,

“यहाँका हित्ती स्त्रीहरूले गर्दा मेरो जीवनै हैरान भइसक्यो । याकूबले यस देशका केटीहरूमध्ये यस्तै एउटी केटीलाई विवाह गऱ्यो भने म बाँचेर के फाइदा हुन्छ ?”

इसहाकले याकूबलाई बोलाएर भने,

“याकूब ! तैंले कनानका मानिसका छोरीहरूमध्येबाट पत्नी नबनाऊनू तर तेरो मामा लाबानको छोरीहरूमध्येबाट पत्नी बनाऊनू ।”
“हजुर, बुबा ! पद्दन-आराममा भएका ममाको घरमा जाने तरखर गर्नेछु ।”
“सर्वशक्तिमान परमेश्वरले तँलाई आशिष् देऊन् र तँलाई फल्दो-फुल्दो गराएर तेरो वृद्धि गराऊन्, र तँ मानिसहरूको एक समुदाय होस् । त्यति मात्र होइन अब्राहामलाई दिनुभएको आशिष् तँलाई पनि दिनुभएको होस् र तेरो सन्तानहरूलाई पनि दिनुहुनेछ । तँ बसोबास गर्ने भूमिलाई तैंले कब्जा गर्न सकोस् भनी प्रार्थना गर्छु ।”

इसहाकले याकूबलाई आशिर्वाद दिइसकेपछि याकूब पद्दन-आराममा भएका लाबानको घरतर्फ जान हिँडे ।
लाबानचाहिँ याकूब र एसावकी आमा रिबेकाका दाजु हुन् ।

**परमेश्वरले तँलाई र तेरा सन्तानहरूलाई अब्राहामले पाएको आशिष् देऊन्, कि तँ प्रवासी भएको यस देशमा, जो परमेश्वरले अब्राहामलाई दिनुभएको हो, तेरै अधिकार होस् । (उत्पत्ति २८:४)**



## मेरा प्यारा सन्तानहरूलाई !

याकूब मैले दिने आशिष्लाई चाहना गर्ने व्यक्ति थिए । सायद ति तरिका गलत भएको भए तापनि, स्वर्गचाहिँ आक्रमण गर्ने व्यक्तिको हो ।
आशिष् पाएअनुसार याकूबले तेल उत्पादन गर्ने भूमिबाट धेरै फसल उत्पादन गरेर सबै जातिमाथि शासन गर्ने व्यक्ति भए, आशिष्को मूल हुने आशिर्वाद सँगै थियो ।
तर एसावचाहिँ पहाडी क्षेत्रमा उजाड भूमिमा बसोबास गर्ने भएर इस्राएल जातिको शासनमुनि रहेर सधैं लडाईं गरेर बसोबास गर्ने जाति भयो ।
त्यसकारण मैले आशिष् दिनलाई लक्षित गरिएको चाहिँ जेठो नभई केवल म यहोवाको आज्ञाकारी हुने मानिस हो भन्ने कुरालाई सम्झना गर भन्ने चाहन्छु ।
प्रेम गर्छु । मेरा सन्तानहरूलाई !

तिमीहरूलाई प्रेम गर्ने परमेश्वर

## प्यारो परमेश्वरलाई

परमेश्वर ! याकूबको कथा अति नै रमाइलो लाग्यो ।
दाजु र बुबालाई झूटो बोलेर छल गरेर आशिष् लुटेर लैजाने झूटा बोल्ने याकूब ।
आशिष् पाउने काम गरे तापनि परिणाम स्वरूप दाजुबाट भागेर घर छोडेर जाने कुरा झूट बोल्नुको दण्ड होइन र ?
प्रेम गर्ने आमाकहाँ आए तापनि भेट्न नसक्ने गरी मामाको घरमा बसोबास गर्ने भयो नि ।
एसावले रिसाएर याकूबलाई मार्छु भन्दाखेरी मेरो मुटु बेस्सरी ढुकढुक गरिरहेको थियो । साँच्चै याकूबलाई मार्‍यो भने के हुन्छ होला भन्ने भएको थियो ।
तर पनि बुद्धिमानी रिबेकाले सङ्कटबाट पलायन भएर फेरि आशिष् पाएपछि हिँडेका याकूबलाई देखेर राहत मिल्यो । ओहो ! अर्को कथालाई पर्खनु पर्ने भयो ।
परमेश्वर प्रेम गर्छु ।

परमेश्वरलाई प्रेम गर्ने म



# १६. याकूबले बेथेलमा भेटेका परमेश्वर
(उत्पत्ति २८:१०-२९:१४)

याकूब त्यतिबेलासम्म बसोबास गरिरहेका बेर्शेबाबाट निस्केर हारानतर्फ गए । जाँदैगर्दा सूर्य पनि अस्तायो, सुत्ने ठाउँ खोजेर ढुङ्गा एउटा ल्याएर सिरानी बनाएर पल्टे । याकूबले सपनामा अचम्मको कुरालाई देखे ।

"वाह ! त्यस्तो लामो भऱ्याङ पहिलो पल्ट देख्दैछु । भऱ्याङ पृथ्वीबाट आकाशसम्मै पुगेको थियो ।
हँ ? परमेश्वरको स्वर्गदूतहरू ओर्लने र उक्लने पो गर्दारहेछन् त ।"

आँखा नहटाइकन हेरिरहेका थिए त्यहाँ यहोवा परमेश्वर बस्नुभएको थियो ।
छक्कै परेका याकूबलाई परमेश्वरले भन्नुभयो,

"म यहोवा हुँ । तेरो हजुरबुबा अब्राहामका परमेश्वर हुँ, तेरो बुबा इसहाकको परमेश्वर हुँ । अहिले तँ सुतिरहेको जमिन म तँ र तेरो सन्तानलाई दिनेछु ।
तेरो सन्तानले जमिनको धुलो जस्तै धेरै भएर पूर्व पश्चिम उत्तर दक्षिणतिर छरिएर बसोबास गरेर संसारको सबै जातिले तँ र तेरो सन्तानद्वारा आशिष् पाउनेछन् ।
म तँसँगै रहेर तँ जहाँ गए तापनि तँलाई रक्षा गर्नेछु र तँलाई यो जमिनमा फेरि फर्किआउने बनाउनेछु ।
तैंले यो सबै प्रतिज्ञालाई पालन गरूञ्जेलसम्म तँबाट म जाने छैनँ ।"

याकूब अचानक छक्क परेर निद्राबाट ब्यूँझेर भने,

"ओहो ! डराएँ र भयभित भएँ । यो ठाउँ त यहोवा बस्ने ठाउँ परमेश्वरको घर र स्वर्गको ढोका पो रहेछ ।"

याकूब बिहान सबेरै उठेर आफूले सिरानी बनाएका ढुङ्गालाई खामोको रूपमा खडा गरे । त्यो ढुङ्गामा तेल खन्याएर त्यो ठाउँको नाउँ 'परमेश्वरको घर' भन्ने अर्थमा 'बेथेल' भनेर राखे । पहिले त्यस ठाउँको नाउँ लूज थियो ।




त्यसपछि याकूबले परमेश्वरमा शपथ खाए,

"परमेश्वर ! यदि परमेश्वर मेरो साथमा रहनुभयो भने, मलाई रक्षा गर्नुभयो भने, खाने र लाउने कुरा दिनुभयो भने म फेरि मेरो बुबाको घरमा सुरक्षासाथ फर्किआउन पाएँ भने, यहोवा नै मेरा परमेश्वर हुनुहुनेछ ।
र मैले खामो बनाएको यो ढुङ्गाचाहिँ परमेश्वरको घर हुनेछ ।
अझै शपथ खाएर भन्छु, परमेश्वरले मलाई दिनुभएको सबै थोकबाट अवश्य दशांश चढाउनेछु ।"

याकूबले आफ्नो पाइला लगातार अगाडि बढाएर पूर्ववासीहरूको देशमा आइपुगे ।
मैदानमा एउटा इनार रहेछ र त्यो वरिपरिका भेडाका तीन बगाल पानी पिउनको निम्ति पर्खिरहेका थिए ।
इनारमा ठूलो ढुङ्गाले छोपेको थियो ।

त्यो समयमा भेडाका बगालहरू सबै जम्मा भए पछि इनारमा भएका ढुङ्गालाई सारेर भेडाहरूलाई पानी पियाए । त्यसो गरिसकेपछि इनारलाई फेरि छोपेर अर्को ठाउँमा गए ।
त्यसैले याकूबलाई तिनीहरू कहाँबाट आएका हुन् भन्ने कुरामा खुल्दुली भयो ।

"सुन्नुहोस् त, गोठालाज्यूहरू ! तपाईंहरू कहाँबाट आउनुभएको हो ?"
"हामी हारानबाट आएका हौं ।"
"त्यसो भए नाहोरका नाति लाबानलाई चिन्नुहुन्छ ?"
"हो नि, चिन्छौं ।"
"के उहाँ सन्चै हुनुहुन्छ ?"
"हजुर, सन्चै हुनुहुन्छ । ऊ त्यहाँ हेर्नुहोस् । उहाँकी छोरी राहेल अहिले भेडा लिएर यतै आउँदैछिन् ।"
"ए ! हो । ठीक छ, तपाईंहरूले भेडालाई पानी खुवाइसकेपछि हरियो चउरमा लगेर चराउनुहोस् ।"
"होइन नि । त्यसो गर्न सक्दैनौं । भेडाहरू सबै जम्मा भइसकेपछि मात्र गोठालाहरूले इनारको मुखबाट ढुङ्गा सार्नेछौं । त्यो गर्नु अघि हामीले भेडाहरूलाई पानी खुवाउन सक्दैनौं ।"


Bethel

याकूबले उनीहरूसँग कुरा गरिरहेको बेलामा राहेलले आफ्नो बुबाको भेडाको बगाल लिएर आइपुगिन् ।
याकूबले छिटै गएर इनारको ढुङ्गालाई गुडाइदिएर मामाको भेडाहरूलाई पानी खुवाइदिए ।
र राहेलको नजिक गएर म्वाइँ खाएर डाँको छोडेर रोए ।

"तपाईं को हुनुहुन्छ ?"
"म लाबानको भान्जा रिबेकाको छोरा हुँ ।"

रिबेका दौडँदै गएर बुबाकहाँ गएर त्यो सत्यतालाई बताइदिइन् ।
लाबानले भानिज याकूबको खबर सुन्ने बित्तिकै कुदेर आएर खुशीसाथ भेटेर अङ्गालो हालेर म्वाइँ खाए ।


"मामा ! म याकूब हुँ ।"
"याकूब ! राम्रै गरी आयौ । लामो बाटो दुःख पायौ है ? साँच्चै खुशी लाग्यो ।"

लाबानले याकूबलाई आफ्नो घरमा लिएर गए ।
याकूबले आफूलाई आइपरेका सबै घटना मामा लाबानलाई बताइदिए ।
त्यसपछि लाबानले भने,

"तिम्रो भनाइअनुसार मासु र रगतलाई अलग गर्ने तिम्रो घनिष्ठ नातेदार पो रहेछ ।"

याकूबले मामा लाबानको घरमा राहेलसँगै भेडा चराउँदै घरभित्रको काममा सहायता गर्दै बसोबास गरे ।

**हेर्, म तँसँग छु र तँ जहाँसुकै गए तापनि तँलाई रक्षा गर्नेछु, र तँलाई यस ठाउँमा फर्काएर ल्याउनेछु । मैले तँलाई भनेको कुरा पूरा नगरुञ्जेल म तँलाई छोड्नेछैनँ ।" तब याकूब निद्राबाट ब्यूँझेर भने, "निश्चय नै यस ठाउँमा परमेश्वर हुनुहुँदोरहेछ, र यो मलाई थाहा थिएन ।" तिनी साह्रै डराए र तिनले भने, "यो ठाउँ कस्तो भययोग्य रहेछ । यो त परमेश्वरको घरबाहेक अरू केही होइन रहेछ । यो त स्वर्गको ढोका पो रहेछ ।" (उत्पत्ति २८:१५-१६)**



## मेरा प्यारा सन्तानहरूलाई !

याकूबले आशिष् पाए तापनि घर छोडेर एक्लै हिँडिरहेको दृष्यलाई देख्दा माफ गर्नचाहिँ गरें ।
एक्लै मामाको घरलाई खोज्दै हिँडेका याकूब कति एक्लो भएर डराएर कामेका थिए होलान् ?
एसावले लखेट्दै आएर मार्ला कि भन्नेमा पनि थाहा नै नभएको भय रहेको थियो ।
त्यसैले ढुङ्गाको सिरान बनाएर निदाएका याकूबकहाँ दया लागेर म देखा परेको हुँ ।
सधैं सँगै रहनेछु भन्ने कुरा भन्नको लागि हो नि ।
मैले चुनेको प्रजा जहाँ गए पनि म सधैँ हुनेछु भन्ने कुरालाई जानकारी पनि गराउन चाहेको थिएँ ।
तिमीहरू पनि मैले चुनेको प्रजा हौ । त्यसैले त सधैं म सँगै हुनेछु भन्ने कुरालाई नबिर्स ।
प्रेम गर्छु । मेरा सन्तानहरूलाई !

तिमीहरूलाई प्रेम गर्ने परमेश्वर

## प्यारो परमेश्वरलाई

परमेश्वर !
"याकूब निद्राबाट ब्यूँझेपछि ढुङ्गालाई खडा गरेको उदाहरणलाई अनुसरण गर्दै
सास नछोडून्जेलसम्म (नमरेसम्म) सधैं भजन गाउँदै प्रशंसा गर्दै प्रभुकहाँ अझ नजिक जान चाहन्छु ।"
हजुरआमाले गुनगुनाउँदै गाउनुभएको भजन हो ।
याकूबले सपनामा देखेका परमेश्वरलाई म पनि भेट्न चाहन्छु ।
पुरानो करारको युगमा मानिसहरूसँग धेरै कुराकानी गर्नुहुने परमेश्वर !
अहिले मसँग पनि देखा परेर भेटेर कुरा गर्नुहोस् ।
"तँ बदमाश !" भन्नुभयो भने पनि ठीकै छ । "मेरो प्यारो ०० फलानो !" भन्नुभयो भने पनि असलै हुन्छ ।
परमेश्वर ! प्रेम गर्छु ।

परमेश्वरलाई प्रेम गर्ने म



# १७. याकूबका परमेश्वरको आशिष्मा रहेका
(उत्पत्ति ३०:२५-३२:३२)

राहेलले योसेफलाई जन्माउने बेलामा याकूबले लाबानलाई भने,

"मामा ! अब म मेरो जन्मघरमा जान चाहन्छु । मलाई जान दिनुहोस् ।
मैले काम गरेर पाएको पत्नीसँगै जान दिनुहोस् । मैले कति दुःख र परिश्रम गरेको छु भन्ने तपाईंलाई राम्रै थाहा छ नि होइन र ?"

"यहोवाले तिमीलाई आशिष् दिनुभएर मैले समेत त्यो आशिष् पाएको कुरा म राम्ररी जान्दछु । तर पनि तिमीले मेरो बारेमा विचार गरेर अहिले जस्तो छौ त्यस्तै गरिरहे हुँदैन र ? तिम्रो सम्पूर्ण ज्याला निर्धारित गर्‍यौ भने तिमीले चाहेअनुसार दिनेछु ।"

"मामा ! पहिले मामाको सम्पत्ति थोरै थियो तर म आएपछि वस्तुभाउहरू सम्पूर्ण धेरै बनाइएको समय पूरा हुँदैथियो । म गएको हरेक ठाउँमा यहोवाले आशिष् दिनुभयो । राम्ररी थाहा पाउनुभएको छ नि ? म पनि मेरो घरमा जान चाहन्छु ।"

"अँ अँ । राम्ररी थाहा छ । त्यसो हो भने केद्वारा ज्याला हिसाब गरिदिउँ त ?"

"मामाले मलाई केहि पनि नदिनुभए पनि हुन्छ । केवल मैले जे भन्छु त्यसमा अनुमति दिनुभयो भने म मामाको निम्ति फेरि काम गर्नेछु ।"

"ठीक छ, राम्रो । त्यो के हो त ? छिटो भन ।"
"मैले आज मामाको भेडा र बाख्रालाई राम्रोसँग नियालेर जाँचबुझ गर्नेछु । तीमध्ये बगालबाट थोप्ले र पेटारे भेडा र कालो थुमा, र बाख्राहरूमध्येबाट पनि थोप्ले र पेटारे जति छुट्याउनेछु । तिनै मेरा ज्याला हुनेछन् ।"

"हुन्छ ।"

"पछि मामा आएर जाँचबुझ गर्नुहोला । मैले बाख्रा र भेडामध्ये थोप्ले र पेटारे भेडा र कालो थुमा, र बाख्राहरूमध्येबाट पनि थोप्ले र पेटारे नभएकाहरूलाई मैले लिएँ भने ती मामाको सम्पत्ति चोरेको हो भन्ने ठहर गर्नुभयो भने राम्रो हुन्छ ।"

"राम्रो । त्यसो भए तिमीले भनेअनुसार नै गर ।"



त्यो दिन लाबानले याकूबले भनेअनुसार भेडा र बाख्रा सबै अलग अलग गरेर छुट्याए । र आफ्नो बस्तुभाउहरू र याकूबको वस्तुभाउहरूलाई चार दिनको बाटो हिँडेर गएपछि लखेटेर समात्न सक्ने दूरी जत्तिको बाटो राखे ।
यसरी याकूबले बाँकी रहेका लाबानका भेडा र बाख्रालाई चराउने भए ।

याकूबले लहरे-पिपल, हाडे बदाम र चिनारका रूखका हरिया हाँगालाई काटेर सेता सेता धर्का बनाउनलाई हाँगाको बोक्रा ताछे ।

ती हाँगालाई भेडाहरूले पानी खान आउने ठाउँको डूँडमा ठड्याइदिएर भेडाहरूले देख्न सक्ने गरी राखिदिए । भेडाहरूले ती हाँगालाई हेरेर पानी पिएर बच्चाहरू लुटे ।
त्यसो गर्दा छिर्केमिर्के, पेटारे, र थोप्ले पाठाहरू बियाए ।
याकूबले आफ्ना भेडा र लाबानको भेडालाई नमिसिने गरी अलग्गै राखे ।

“तँ स्वस्थ भेडा होस् । यो हाँगा ठड्याइदिनेछु यो छेउमा पाठाहरू होस् !”

कमजोर भेडाहरूले पाठाहरू जन्माउने बेलामा ती हाँगालाई ठड्याएर राखेनन् ।
त्यसैले कमजोर भेडाहरू लाबानका भए र स्वस्थ भेडाहरू याकूबका भए । यसरी गर्दा याकूब तुरुन्तै धनी भएर धेरै कमारा कमारी र अनगिन्ती भेडा, उँट, गधाहरूका मालिक भए ।

याकूब धनी भएकोले लाबानका छोराहरूले खासखुस गर्न थाले ।

“जे भए पनि याकूबले बुबाको सम्पत्ति सबै खोसेर धनी भएका हुन् जस्तो लाग्छ ।”

लाबानले पनि याकूबको बारेमा पहिलाको जस्तै व्यवहार गरेनन् ।

यसै समयमा परमेश्वरले याकूबलाई भन्नुभयो,
“तेरो पुर्खाहरूको भूमि, तेरा नातेदारहरूकहाँ फर्केर जा । म तेरो साथमा हुनेछु ।”

याकूबले राहेल र लेआलाई बोलाए र भने,

“मेरो बारेमा तिमीहरूका बुबाले मप्रतिको व्यवहार परिवर्तन गर्नुभएको छ । मैले कसरी काम गरेको छु भन्ने तिमीहरूलाई पनि थाहा छ । तिमीहरूका बुबाले ज्याला पनि दश पटक जति बदल्नुभएको छ । तर पनि यहोवा सधैं मेरो साथमा रहनुभएर मेरो नोक्सान नहुने गरी हेरविचार र सुरक्षा गर्नुभएको छ ।”



"याकूब ! तपाईंले कसरी हाम्रा बुबालाई असल व्यवहार गर्नुभएको छ भन्ने हामीलाई थाहा छ ।"

"परमेश्वरका दूतले यहोवाले भन्नुभएको कुरा मलाई बताएका छन्, 'म बेथेलमा देखा परेको तेरो परमेश्वर हुँ । अब तँ यो ठाउँलाई छोडेर तेरो जन्मभूमिमा फर्केर जाने काम गर्' भनी भन्नुभएको छ ।"

"ठीक छ, राम्रो । त्यसो हो भने परमेश्वरले तपाईंलाई भन्नुभएअनुसार गर्नुहोस् ।"

याकूबले आफ्ना सन्तानहरू र पत्नीहरूलाई उँटमा चढाएर त्यति बेलासम्म जम्मा गरेका सबै सम्पत्ति लिएर कनानमा भएका उनका बुबाकहाँ जानलाई हिँडे ।

लाबानलाई केही नभनी चुपचाप सुटुक्क निस्केर गए । ३ दिन जति पछि याकूबले छोडेर गएको थाहा पाएर लाबानले नातेदारहरूसँगै ७ दिनसम्म लखेट्दै गएर बेस्सरी रिसाए ।

"याकूब ! के कारणले यसरी लुकेर यो ठाउँ छोड्नुभएको हो ? मलाई भनेको भए भोज लगाएर मन खुशी बनाएर पठाइदिइहाल्थें नि । किन मेरा छोरीहरू र नाति-नातिनाहरूलाई बिदाइको अभिवादन पनि गर्ने नबनाई भागेका ? परमेश्वरले हिजो राती मसँग 'याकूबको कुनै खराबी नगर्' भनी भन्नुभएकोले तिमीलाई बचाएको छु ।"

लाबानले याकूबलाई करार बाधौं भने,

"मैले मेरा छोरीहरू र नाति-नातिनाहरूलाई, मेरा भेडाहरूलाई के नै गर्न सक्छु र ? अब तिम्रो र मेरो बीचमा करार बाँधेर साक्षी दिने योग्यको चिन्ह बनाऔं ।"

याकूबले ढुङ्गा लिइआएर खामो खडा गरेर लाबानका नातेदारहरूलाई पनि ढुङ्गा ल्याउन लगाएर जम्मा गरेर थुप्रो बनाउन लगाए । र एकले अर्कालाई कुनै खराबी नगर्ने भनी प्रतीज्ञा गरे ।

लाबान बिहान सबेरै उठेर छोरीहरू र नाति-नातिनाहरूलाई चुम्बन गरेर आशिष् दिएर हिँडिहाले ।

**हाम्रा बुबाबाट परमेश्वरले लानुभएको सबै सम्पत्ति हाम्रै र हाम्रा छोराछोरीहरूको भएको छ । अब परमेश्वरले तपाईंलाई जे-जसो गर्नू भन्नुभयो त्यसै गर्नुहोस् । (उत्पत्ति ३१:६)**



----

## मेरा प्यारा सन्तानहरूलाई !

मैले याकूबसँग प्रतिज्ञा गरिएको आशिष्‌लाई पालना गर्नको निम्ति याकूबलाई धनी बनाइदिएको हुँ नि । पेटारे र थोप्ले भएका सबै याकूबको होऊन्‌ भनी बनाइदिएको हुँ नि । याकूबले लाबानको घरलाई छिटै नै छोड्‌न चाहेका थिए । किनभने लाबानले मूर्तिपूजा गर्ने भएकोले गर्दा हो । राहेलले घर छोड्‌दा बुबाको पूज्न राखेका घर देवतालाई चोरेकी थिइन्‌ । घरभित्र भएको अन्यजातिका देवतालाई लिएर यात्रा गरिरहेका थिए । त्यसैले याकूबलाई घरमा जाने कुरा सजिलो भएन । याकूबले ती घरका देवतालाई फाल भनी आदेश दिएको बेलामा पहिलो पटक याकूबको घर परिवार पूर्णताको घर परिवार भएको थियो ।

तिमीहरूले पनि मूर्तिपूजा नगरिकन केवल म यहोवालाई मात्र आराधना गर्ने गर्नुपर्छ !

प्रेम गर्छु मेरा सन्तानहरू !

तिमीहरूलाई प्रेम गर्ने परमेश्वर

## प्यारो परमेश्वरलाई

परमेश्वर ! याकूबको कहानीको अन्त्य छैन । योसेफ भन्ने नाउँ आएकोले मैले योसेफको बारेमा भनिएका कहानी आउँछ होला भन्ने ठानेको थिएँ ।

जे भए पनि अब चाहिँ याकूबले घर जाने तयारी गरेछन्‌ ।

याकूबको दिमाग अलि तगडा छ जस्तो लाग्छ । यदि उनले परमेश्वरलाई विश्वास नगरेको भए के हुन्थ्यो होला ? छल गर्ने? झूट बोल्ने ? ख्‌ ख्‌ ख्‌

के याकूब लगानीमा उत्कृष्ट मानिस हुने थिए होलान्‌ त ? होइन भने आनुवंशिकता (डि एन ए) विज्ञ हुने थिए होलान्‌ ? पेटारेबाट पेटारे नै जन्मिन्छ भन्ने तरिका !

तर महत्वपूर्ण कुरा सधैं परमेश्वर याकूबको साथमा हुनुहुन्थ्यो भनने होइन र ?

परमेश्वर ! प्रेम गर्छु ।

परमेश्वरलाई प्रेम गर्ने म




बाइबल कथा १
पुरानो करार